जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विषालु च्याउबाट जोगिऔं ।
जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ खाने गरौं ।
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २०२ • २०७९ साल पुस २ गते शनिबार (17 December, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## तिवारी विरुद्ध उजुरी दिने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेवाट प्रतिनिधिसभामा समानुपातिकवाट सांसद बनेकी प्रतिक्षा तिवारी विरुद्ध उजुरी दिइने भएको छ। धनुषाको कटरैत निवासी श्रीचन मुखिया संग विहे गरेकी प्रतिक्षा विश्वकर्मा सम्वन्ध विच्छेद गरेकी कारण उनी दलित कोटामा जानु पर्ने भन्दै मधेशी महिलावाट सिफारिस भएकी यसोधा कुमारीले उजुरी दिइने भएको छ।

मधेशी कोटामा प्रतिक्षाको नाम तेस्रो नम्वरमा छ भने यसोधाको नाम चौथो नम्वरमा रहेको छ। प्रतिक्षा दलित कोटामा हुनुपर्ने भन्दै यसोधाले मधेशी महिलामा आफ्नो दावी पेश गर्दै उजुरी दिने तयारी थालेकी छन् ।

नेकपा एमालेले समानुपातिकवाट महिला मधेशीमा प्रतिक्षाको नाम राखेपछि विवाद बढेको छ।

## ठाकुर र महतो टाढिँदै

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालमा फेरी विवाद सुरु भएको छ। पार्टी भित्र अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतो दुवै नेतामा शक्ति सन्तुलनको विषयलाई लिएर फेरी विवाद बढेको छ।

सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा लोसपाका वरिष्ठ नेता रहेका महतो आफै निर्वाचनमा पराजित हुनु तथा उनी पक्षधर नेताहरु मध्ये भतिजो उपेन्द्र महतो मात्रै बिजयी हुनुले पनि महतो पार्टी भित्र कमजोर देखिएका छन्। उनका भतिजो उपेन्द्र पनि राजेन्द्र संग असन्तुष्ट छन्।

जसपा विभाजन भएपछि अधिकांश महतो पक्षधर नेताहरु लोसपामा नफर्कि जसपानै रोजेका थिए भने सम्पन्न निर्वाचनमा महतो आफै र उनका पक्षधर पराजित भएपछि ठाकुर झन शक्तिशाली भएका छन्।

चुनावका लागि टिकट वितरणदेखि लिएर समानुपातिक सदस्यमा नाम राख्ने विषयलाई लिएर नेता महतोले चित्त दुखाएका थिए । अध्यक्ष ठाकुरले पार्टीमा एकलौटी गरेको, आफ्ना निकटलाई टिकट दिनुको साथै समानुपातिक सदस्यको बन्द सूचीमा आफन्त र आफ्ना निकटलाई मात्र राखेको, संगठनका कामहरु अगाडि नबढाएको, पार्टीलाई अनिर्णयको बन्दी बनाएका जस्ता आरोप लगाउँदै नेता महता असन्तुष्ट भएर बसेका छन्।

अध्यक्ष ठाकुरले पार्टीलाई गतिशिलता दिन नसकेको गुनासो आफ्ना निकट नेताहरुलाई गरिरहेका छन्। हालसम्म पार्टीको केन्द्रीय समिति गठन भएको छैन । कार्यकारिणी समितिको भरमा पार्टी सञ्चालन भइरहेको छ। त्यो पनि नियमित बैठक बस्दैन भनि नेता महतोको गुनासो आफ्ना निकटका नेताहरु समक्ष गरेका छन्।

नेता महतो अबको राजनीति परम्परा ढंगबाट होइन, नयाँ ढंगले नबढाए मधेशले कहिले पनि अधिकार नपाउने भन्दै आएका छन् । लोसपा राम्रोसँग सञ्चालन नभए त्यसको विकल्प खोज्न पनि नेता महतो तयार छन् । सरकार गठनसम्म उनी पर्खिने छन्। सरकार गठनपछि लोसपा कसरी अगाडि बढ्छ त्यसको आधारमा उनले निर्णय लिएर आफ्नो राजनीति यात्रा तय गर्ने स्रोतले जनाएको छ।

उनी जनकपुर र सर्लाहीमा आफ्ना नेता तथा कार्यकर्तासँग लोसपाको विकल्प बारेमा पनि छलफल गरेका छन्। अब पनि महन्थ ठाकुरले पार्टीलाई ठीक ढंगले चलाउन सकेन भने त्यसको विकल्प खोज्ने विषयमा आफ्ना निकट नेताहरुसँग छलफल चलाएका स्रोतले जनाएको छ।

नेता महतो चुनावमा पराजित भएपनि मतदातालाई धन्यवाद दिनका लागि क्षेत्रमा आएको बताउँदै महतो निकट एक नेताले भने-'सातवटा पालिका छन्, एउटा पालिकालाई एक दिनको समय दिए पनि सात दिन लाग्दो रहेछ, त्यसमा अलि बढी समय लागेको कारण अरुलाई शंका लागेको हुनुपर्छ तर त्यस्तो केही पनि छैन्।'

## जसपामा पराजयको मन्थन हुने

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले राजनीतिक समितिको बैठक बोलाएको छ। आमनिर्वाचन पछि पहिलो पटक बोलाइएको राजनीतिक समितिको बैठकमा संघीय र प्रदेश चुनावमा भएको पराजयको विषयमा मन्थन हुने बताइएको छ।



आमनिर्वाचनमा जसपाले अपेक्षाकृत चुनावको परिणाम ल्याउन सकेन् । नेकपा एमालेसित अन्तिम समयमा भएको तालमेल र चुनावको क्रममा विश्वासको संकटले जसपालाई बढी क्षति भएको नेताहरुले स्वीकार्न थालेका छन् ।

कार्यकारिणी समितिको बैठकले समानुपातिक तर्फ प्रतिनिधि र प्रदेश सभाका उम्मेदवारहरुको नामको टुंगो लगाउने काम मात्र गरेको थियो ।चुनाव लगतै राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले पालिका, प्रदेश, क्षेत्र , प्रदेश कमिटी र जिल्ला कमिटीहरुलाई चुनावको समिक्षागरि प्रतिवेदन केन्द्रमा पठाउन १५ दिनको समय तोकेको थियो।

सबै निकायबाट प्रतिवेदन प्राप्त भइरहेकाले पुस महिनाको १८ र १९ गते राजनीतिक समितिको बैठक बोलाइएको केन्द्रिय आर्थिक विभागका प्रमुख समेत रहेको कार्यकारिणी समितिका सदस्य विजयकुमार यादवले जनाए।

'निर्वाचनको विषयमा छलफल गर्न राजनीतिक समितिको बैठक बोलाइएको छ ' उनले भने, बैठक १८ र १९ गते पार्टी कार्यालय बालकुमारीमा बोलाइएको हो।

'प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी समीक्षा, विधान अधिवेशन र पार्टी संगठन तथा आगामी कार्यदिशा गरी तीन एजेण्डा तय गरिएको छ ' उनले भने, यस बाहेकको विषयपनि सदस्यहरुले राख्न सक्ने छन्।

तालमेलको क्रममा जसपाको भागमा सिट नभएको प्रदेश र प्रतिनिधि सभामा एमालेले जसपाकै नेतालाई पार्टीमा प्रवेश गराएर टिकट दिएका थिए ।तत्कालै जसपा छाडेर एमालेमा प्रवेश गर्ने नेताहरुले चुनावपनि जितेका छन् ।एमालेकै उम्मेदवारले बारा जिल्लामा जसपाका प्रदेश अध्यक्ष रामबाबु यादवलाई पराजित गरेको, धनुषाको ४ मा महाजन यादव र निर्वाचन क्षेत्र नम्बर २ मा गंगाराम यादवको पराजयको कारण एमाले नै रहेको छ।

अधिकांश क्षेत्रमा उम्मेदवार नभएकै कारण समानुपातिक मतपनि कम आएको बताइएको छ ।पार्टीका राष्ट्रिय अध्यक्ष यादवको पराजयको कारण क्षेत्र चयनमा त्रुटी, पार्टीकै केहि नेताहरुले गरेको घात लगायतका कारणहरु चुनावको नतिजा सार्वजनिक भएपछि खुल्न थालेका छन् ।यादवको चुनावमा पराजयको प्रमुख कारण क्षेत्र चयनमा गभीर त्रुटी रहेको सप्तरी जिल्लाका नेताहरुको बुझाई छ।

गत चुनावको भन्दा यस चुनावमा प्रतिनिधि र प्रदेश दुबैमा सिट निकै घटेको छ। कतिपय क्षेत्रमा प्रतिनिधि सभा र प्रदेश सभाका उम्मेदवार हरुबीच समेत तालमेल बिग्रेको कारणपनि चुनावमा पराजय भोग्नु परेको देखिन्छ।

राजनीतिक समितिको बैठकमा मुख्य रुपमा चुनावको विषयमाथि नै छलफल हुनेछ ।जिल्लाहरुमा घात गर्ने, पार्टीका उम्मेदवारहरु बिरुद्ध खुलेर चुनाव प्रचार गर्ने उजुरीहरु समेत आएकाले बैठकमा छलफल हुने बताइएको छ।

कार्यकारिणी समितिले टिकटको विषयमा समयमै निर्णय लिन नसकेको, अन्तिम समयमा टिकट वितरणको कारण बढेको असन्तुष्टिलाई व्यवस्थापन गर्न नसक्दापनि चुनावमा हार ब्यहोर्नु परेको धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट जसपाका प्रतिनिधि सभा उम्मेदवार गंगाराम यादवले बताए। आफ्नै पार्टीका नेताहरुले बिरोधमा लागेपछि तटस्थ र अन्य दलबाट आउने मतपनि बिग्रको उनको कथन छ।

चुनावमा जसपाले प्रतिनिधिसमा प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ ५ गरी १२ सिट पाएको छ । गत चुनावमा प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिकगरि २० सिट रहेको थियो । मधेश प्रदेशमा सबै भन्दा ठूला दल रहेको जसपाको ५ वर्ष नै सरकार रह्यो । मुख्यमन्त्री लालबाबु राउत निरन्तर रहेपनि चुनावमा तेस्रो नम्बरम झरेको छ।

मधेश प्रदेशमा सरकार बनाउन नेपाली काँग्रेस अथवा नेकपा एमालेसित तालमेल गर्न जसपाको बाध्यता भएको छ । गत चुनावमा २५ सिट प्राप्तगरि लोसपासितको तालमेलमा थप ५ सिट समेत ३० सिट रहेकोमा हाल १६ सिटमा खुम्चिएको छ।

राजनीतिक समितिको बैठकमा मधेश प्रदेश सरकारको कारणपनि उम्मेदवारहरु पराजित भएको विषय उठ्ने कार्यकारिणी समितिका एकजना सदस्यले बताए।







# लेखाबाट चोरी भएको कागजात योजनामा फेला, तीनजना कर्मचारी पक्राउ

**टुडे सामाचारदाता**

गरुडा । रौतहटको माधवनारायण नगरपालिका कार्यालयबाट शुक्रवार तीनजना कर्मचारीलाई पक्राउ गरिएको छ।

सो नगरपालिकाको लेखा शाखाबाट आवश्यक कागजातहरुनै चोरी भएको विषयलाई लिएर इलाका प्रहरी कार्यालय गरुडाले अनुसन्धानका लागि नगरपालिका कार्यालयमा करारमा खटिरहेका कार्यालय सहयोगीहरु अर्जुन साह, राजेश पण्डित र रामलखन हजरालाई नियन्त्रणमा लिएको छ।

नगरपालिकाका लेखा प्रमुख रामबलम यादवले आफ्ना शाखाबाट चालु र पुँजी शीर्षकको कागजात नै चोरी भएको भन्दै प्रहरीलाई खबर गरेका थिए । त्यसपछि इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक राजाराम केशरीको नेतृत्वमा प्रहरी टोली नगरपालिका कार्यालयमा आएर उक्त हराएको अर्थात चोरी भएको फाइल खोजतलास गर्ने काम शुरु गरेको थियो।

फाइल खोज्दै जाँदा सोही नगरपालिकाको योजना शाखाको स्टील दराजमा उक्त कागजातहरु फेला परेको इन्स्पेक्टर केशरीले बताए। लेखाको कागजात योजना फाँटबाट बरामद भएपछि यस कार्यमा कार्यालय सहयोगी अर्जुण साह, राजेश पण्डित र रामलखन हजराको संलग्ना रहेको भन्दै अनुसन्धानका लागि उनिहरुलाई नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक केशरीले बताए।

निमित्त प्रमुख प्रशाकीय अधिकृत मिश्रीलाल साहको आदेशमा उक्त कागजात योजनामा लगेको र त्यही दराजमा राखिदिएको उनिहरुले प्रहरीसंग अधुरो व्यान दिएका थिए । उनिहरुलाई इलाका प्रहरी कार्यालय गरुडामा राखेर अनुसन्धान भइरहेको बताइएको छ।

नगरपालिकाका लेखापाल रामबलम यादवले मेयर बैजनाथ प्रसाद यादवले आफुलाई नगरपालिकाबाट हटाउन फाइल गायब बनाएको आरोप लगाएका छन्।

मेयर यादवले कार्यपालिका बैठकबाट निर्णय गरेर आफूलाई लेखाबाट हटाउन प्रयास गरेको तर केही कार्यपालिका सदस्यले आफुलाई हटाउन नमान्दा आफूलाई हटाउने प्रयास असफल भएपछि उनले फाइल नै गायब बनाइदिएको लेखापाल यादवले बताए।

फाइल गायब गरेर आफूलाई बदनाम गराई लेखापालबाट हटाउन मेयर यादवले षडयन्त्र रचेको भएपनि उनको षडयन्त्र असफल भएको उनले बताए । मेयर यादवले लेखाबाट कागजात हराएको बारे आफूलाई कुनै जानकारी नै नभएको र सामाजिक सञ्जालबाट मात्र थाहा पाएको बताएका छन्।

विना कमिसनको कुनै भुक्तानी नै नगर्ने गरेको कारण लेखापाल रामबलम यादवलाई हटाई अर्को लेखापाल राख्न खोजेको मेयर यादवले बताएका छन् । कमिसनखोर रामबलम जस्ता लेखापाल पालिकामा रहेसम्म जनताको काम पारदर्शी ढंगले नहुने भन्दै भ्रष्टाचारमा लिप्त यस्ता भ्रष्ट लेखापाललाई कुनै हालतमा नराख्ने मेयर यादवले बताए।

मेयर यादवले आफू अर्को लेखापाल राख्न खोजेको कुरा लेखापाल रामबलम यादवले थाहा पाएकोले विभिन्न बखेडा झिक्दै आफैले फाइल गायब बनाएर नगरपालिका र आफूलाई बदनाम गर्ने काम गरेको बताए।

# वास्तविक किसानको पहुँचमा पुग्दैन रासायनिक मल

लहान । सिरहाको लहान नगरपालिका वडा नं २३ का देवनारायण यादव यतिबेला गहुँ छर्ने तयारीमा हुनुहुन्छ । उहाँले धान थन्क्याएलगत्तै करिब एक बिघा क्षेत्रफलमा गहुँ छर्ने तयारी गर्नुभएको हो । तर गहुँ बालीका लागि खेत जोतेर तयार पारिसक्दासमेत सरकारले अनुदानमा उपलब्ध गराउने युरिया र डिएपीजस्ता रासायनिक मल किन्न पाउनुभएन।

गहुँ खेतीको मौसम सकिन लाग्दासमेत सरकारले अनुदानमा वितरण गर्ने मल किन्न नपाएपछि उहाँ महँगोमा व्यापारीसँग रासायनिक मल किन्न बाध्य हुनुपर्‍यो।

उहाँ भन्नुहुन्छ,‘‘तीन दिन वडा कार्यालय धाउँदासमेत मल नपाएपछि महँगोमा व्यापारीसँग किन्नुपर्‍यो ।’ प्रतिबोरा रु दुई हजार पाँच सय पर्ने डिएपीलाई उहाँले रु तीन हजार सात सयमा किन्न बाध्य भएको उहाँले सुनाउनुभयो।

त्यस्तै सोही वडा निवासी अर्का किसान लक्ष्मण यादवले आफ्नो वडाबाट मल किन्न नपाएपछि एक आफन्तको सहयोगमा सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिकाबाट एक बोरा डिएपी ल्याउनुभयो।

‘भनसुन गर्नका लागि आफ्ना मान्छे भएनन्, अन्तैबाट जसोतसो एक बोरा मलको व्यवस्था भयो। अब फारो गरेर यही मलले पुर्‍याउनुपर्ने छ। सहजै मल पाउने अवस्था कहिल्यै भएन’, उहाँ भन्नुभयो।



वडा नं २ निवासी चण्डिकाकुमारी महतोले पनि वडाबाट मल पाउन नसकेपछि व्यापारीबाट महँगोमा एक बोरा मल किन्नुभयो। ‘‘वडा कार्यालयबाट २५ केजी मलका लागि सिफारिस बनाएर सहकारीमा मल लिन जाँदा सहकारीले मल सकिसकेको जानकारी पाएँ’, उहाँले भन्नुभयो।

वडा कार्यालयले किसानका लागि रासायनिक मल एकदमै न्यून मात्रामा प्राप्त भएको वडा नं २ का वडाध्यक्ष सियाराम यादवले बताउनुभयो। ‘‘मागको करिब एक तिहाइमात्र रासायनिक मल उपलब्ध भएकाले अहिले मलको हाहाकार भएको छ’, उहाँले भन्नुभयो।

वडा कार्यालयमा आउने किसानलाई प्रतिकिसान २५ केजीका दरले मल सिफारिस गरिएको उहाँले जानकारी दिनुभयो । तर किसानले भने त्यही २५ केजी मल पनि अनुदानमा नपाएको गुनासो गरेका छन्। किसानलाई दिइने मलको कोटा बढाउन उनीहरुले माग गर्दै आएका छन्।

देशभर मलको अभाव भएकाले सरकारले सीमित किसानलाई मल उपलब्ध गराएको छ । तर त्यो पनि वास्तविक किसानले नपाएको उनीहरुको गुनासो छ। कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले सहकारीमार्फत् किसानलाई मल उपलब्ध गराउँदै आएका छन्।

स्थानीय निकायको सिफारिसमा सहकारीले किसानलाई मल वितरण गर्र्दै आएको छ। वडाध्यक्षहरुले आफ्ना नजिकका मानिसलाई मात्र सिफारिस गर्ने र वास्तविक किसानले १० केजी पनि मल नपाएको उनीहरुको गुनासो छ।

पहुँच हुने किसानले सजिलै मल प्राप्त गर्ने गरेको र पहुँच नहुनेलाई सास्ती रहेको यहाँका किसानको दाबी छ। सिरहा जिल्लाभर किसानका लागि यो सिजनमा मात्र करिब तीन हजार पाँच सय मेट्रिक टन मल आवश्यक भए पनि अहिले एक हजार मेट्रिक टन मात्र मल उपलब्ध भएको कृषि सामग्री कम्पनी सिरहाका प्रमुख दीपराज आचार्यले जानकारी दिनुभयो।

‘सरकारले कृषि उत्पादनअनुसार कुन जिल्लामा कुन सिजनमा कुन खाद्य उत्पादन कति हुन्छ भन्ने अध्ययन गरेर कोटा निर्धारण गर्नुपर्नेमा त्यसो नभएर क्षेत्रफलको आधारमा कोटा निर्धारण गर्‍यो, जसले गर्दा अहिले गहुँ बाली नलगाउने जिल्लामा पनि रासायनिक मल कोटाको आधारमा गएको हुँदा मुख्य गरी तराईका जिल्लामा मलको चरम अभाव देखा पर्‍यो’, उहाँले भन्नुभयो।

‘कृषि राज्य संरक्षित क्षेत्र हो । यदि राज्यले संरक्षण नगर्ने हो भने एक बोरा डिएपीको मूल्य रु सात हजारसम्म पर्न जान्छ, जुन कृषकको पहुँचभन्दा बाहिर हुन्छ’, उहाँले भन्नुभयो।

धान, मकै, गहुँजस्ता प्रमुख खाद्यान्न बाली लगाउने मौसममा सधैँ मलको अभाव हुँदा देशकै अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ। सरकारले उपलब्ध गराउने मल नपाउँदा किसानहरु सीमावर्ती भारतीय बजारबाट महँगो मूल्यमा मल ल्याउन बाध्य भएको राष्ट्रिय कृषक समूह महासङ्घ नेपालका मधेस प्रदेश अध्यक्ष मुक्तिनारायण यादवको भनाइ छ।रासस

# खेलमा सरकारको लगानी बढाउनुपर्छ’

हरिशंकर साह राष्ट्रिय क्रिकेट टिमका युवा खेलाडी छन्। सानै हुँदा राष्ट्रिय टिमलाई प्रतिनिधित्व गर्ने सपना पालेका साह गत कार्तिक २८ गतेदेखि भएको युएइसँगको खेलका लागि टीममा छनौट भए। साह घरेलु मधेश प्रदेश टीमको कप्तानसमेत छन्। उनकै नेतृत्वमा मधेश प्रदेश टीमले प्रधानमन्त्री कपमा उत्कृष्ट प्रदर्शन गरेका थिए। सो कपमा उनले एक सय २० रन र चार विकेट लिएका थिए। १०१३ मा मलेसियामा भएको इलाइट कपमा उनले नेपालका लागि अण्डर-१९ खेलेका थिए । त्यसको झण्डै दश वर्षपछि राष्ट्रिय टीममा स्थान बनाउन उनी सफल भए। साह घरेलु प्रतियोगिताका पनि सक्रिय खेलाडी छन्। यही पुस ८ गतेदेखि हुन लागेको नेपाल प्रिमियर लिग (एनपीएल)मा फोर वेस्टर्न टिमबाट उनी प्रतिनिधित्व गर्दै छन्। उनी खेलाडी साहसँग जनकपुर टुडेकर्मीले खेल र खेलाडीको विषयमा कुराकानी गरेका छन् । प्रस्तुत छ, खेलाडी साहसँग गरिएको कुराकानीको सम्पादित अंश।




**राष्ट्रीय टिममा पर्नुको अनुभूति के छ ?**

वर्षौदेखिको मेरो र मेरो परिवारको सपना थियो । त्यो पुरा भयो जस्तो लाग्छ । हरेक खेलाडीको सपना हुन्छ राष्ट्रीय टिममा छनौट हुनु, मेरो पनि थियो। त्यसमा म सफल भएको छु। टिममा छनौट हुँदा धैरै खुशी छु। यद्यपी खेल र खेलाडीको लागि मैले अरु थुप्रै गर्नु पर्ने छ। अव अवसर पाएको बेला राष्ट्र र खेलको लागि सक्दो योगदान दिने छु । यहाँ सम्म आइपुग्दा धैरै अग्रज, शुभचिन्तक र साथीहरुको सहयोग पाएको छु । अगामी दिनमा पनि उहाँहरुको साथ रहने विश्वस्त छु।

**अवसर कतिको पाउनुभयो ?**

यहाँको खेलाडी औषत रुपमा प्रर्दशन गरेर मात्रै हुँदैनन्, जस्तो मलाई लाग्छ। हरेक खेलमा, हरेक कुरामा उत्कृष्ट गर्नु पर्ने हुन्छ । वेस्ट दिन सक्नु भएन भने छनौट समिति, प्रशिक्षक र टिम क्यापटनको नजरमा पर्न कठिनाई हुन्छ। त्यसकरण टिममा पर्न बलिङ, ब्यटिङ र फिल्डिङ उत्कृष्ट गर्नु पर्छ। राम्रो गर्ने खेलाडीले अवसर पाउँछ नै । केही ढिलो चाँडो हुनु छुटै कुरा हो। तर अवसर पाउँछन्। मैले पनि अहिले सम्म संतोषजनक अवसर पाएकै छु।

**सरकारको दृष्टिकोण कस्तो छ ?**

खेलाडीप्रति सरकार उदासिन छन् । देशमा तीन तहको सरकार छ । कुनै एउटा सरकारले मात्रै गम्भिर भएर जिम्मेवारी लियो भने खेल र खेलाडीलाई राम्रो बनाउन सकिन्छ । तर सरकार आफ्नै तालमा व्यस्त छन्। सरकारको गतिविधि विधि पुर्‍याउन मात्रै भएको देखिन्छ । तसर्थ खेलाडीको क्षमता बढाउन र खेल प्रतिको रुचि बढाउन सरकार जति अग्रसर हुनुपर्ने थियो। त्यती देखिएनन्। त्यसकारण खेलमा सरकारको लगानी बढाउनु पर्छ । विद्यालयमा खेल अनिवार्य गर्नु पर्छ। घरेलु र स्थानीय प्रतियोगिता पनि समय समयमा गर्नु पर्छ। मैदान र खेल समाग्रीको उचित व्यवस्था गर्नु पर्छ।

**खेलाडी कमजोर हुँदै गएको हो ?**

तुलनात्मक रुपमा खेलाडी खेलाडीको प्रर्दशन कमजोर भएको कुरा सत्य हो । विद्यालय, गाउँ र ग्रास रुटबाट खेल हराउँदै गएको छ। जसले खेलाडीको क्षमतामा असर परेका छ। प्रविधिले पनि खेलतर्फको आकर्ष्ण कम भएको हुन सक्छ । अर्को खेलाडीमा विस्तारै अनुशासन कम हुँदै गएको छ। यी र यस्तै कारणले खेलाडी केही कमजोर भएको देखिन्छ।

तर अहिले पनि समय छ, मधेशको खेल र खेलाडीलाई बचाउन सरकार र पदाधिकारी गम्भिर हुनु पर्छ। नियमित प्रतियोगिता गराउनु पर्छ। खेल मैदान र खेल समाग्री आवश्यकता अनुसार दिइनुपर्छ । प्रोत्साहनको लागि पनि केही व्यवस्था गर्नु पर्छ।

# द ब्रिटिस कलेजको ‘ दोस्रो दीक्षान्त समारोह २०२२’ सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । द ब्रिटिस कलेजको ‘दोस्रो दीक्षान्त सामारोह २०२२’ सम्पन्न भएको छ। यस वर्ष आयोजित दोस्रो दीक्षान्त कार्यक्रममा लिड्स बेकेक्ट युनिभर्सिटीबाट उत्तिर्ण एमएससी आइटीका विद्यार्थीहरु र द युनिभर्सिटी अफ द वेस्ट अफ इंग्ल्याण्डबाट उत्तिर्ण विद्यार्थीहरु दीक्षित भएका हुन्। सोल्टी होटेलमा आयोजना गरिएको दीक्षान्त समारोहमा विशिष्ठ व्यक्तिहरुको उपस्थिति रहेको थियो।




द ब्रिटिस कलेजका कार्यकारी निर्देशक महेन्द्रराज कँडेलले पानसमा दियो बालेर दीक्षान्त समारोहको उद्घाटन गरेका थिए। साथै उनले स्वागत मन्तव्य दिएका थिए । उनले भने,‘यस वर्षको पहिलो दीक्षान्त कार्यक्रममा धैरे विद्यार्थीहरु उपस्थित हुन पाएका थिएनन् । यो महत्वपुर्ण समारोहमा विभिन्न तरिकाले जोडिन म आव्हान गर्दछु। कोही लामो दुरी पार गरेर आउनु भएको छ भने कतिपयले नेपालभित्रैबाट हामीलाई सहयोग गर्नुभएको छ। भिडियो लिंकमार्फत हामीसँग जोडिन म आग्रह गर्दछु।’

कार्यक्रममा विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो । औद्यागिक सल्लाहकार बोर्डका सदस्यहरु विरेन्द्र राज पाण्डे र प्रचण्डमान श्रेष्ठ उपस्थित रहेका थिए । ब्रिटिस कलेजकी प्रिन्सिपल मेरी विसप र कलेज अफ विजनेश एण्ड लकी इन्टरनेशनल पार्टनरसिप प्रमुख प्याट्रिसिया भोइडेनले भिडियो सन्देश पठाएका थिए । त्यस्तै बिबिएबाट दीक्षित भएका निरज प्रताप शाह, एमएसई आइटीबाट दीक्षित भएका तरुण खत्रीले आफ्नो मन्तव्य राखेका थिए।

द ब्रिटिस कलेजका एसोसियट डिन अरुण जोशीले भने, ‘विद्यार्थीहरुलाई आज यो दीक्षान्त समारोहमा देख्न पाउँदा कलेजले अध्ययन अध्यापनमा गरेको मेहनतलाई सम्झन चाहन्छु। यो सफलताले पनि देखाउँछ कि कलेजले प्रदान गर्ने शैक्षिक गुणस्तर कत्तिको उत्कृष्ट छ।’

ठुलो परिश्रमले यो सफलता मिलेको भन्दै उनले सबै कर्मचारी, फ्याकल्टी र विद्यार्थीहरुलाई बधाई र शुभकामना दिए।

# चिसो बढ्यो, सर्तकता अपनाउन आग्रह

काठमाण्डु । देशभर चिसो बढेको छ । चिसो बढेसँगैं जल तथा मौसम विज्ञान विभागले चिसोबाट बच्न आवश्यक सुरक्षा एवं सर्तकता अपनाउन सबैमा आग्रह गरेको छ।

विभागले देशका केही भू-भागमा बिहानीपख हुस्सु-कुहिरो लाग्ने तथा देशका अधिकांश भू-भागमा तापक्रम क्रमिक रूपमा घट्दै जाने सम्भावना रहेको हुनाले चिसोबाट बच्न आवश्यक सावधानी अपनाउनु सबैमा अनुरोध गरेको हो। अबको केही दिन बिहानको समयमा देशका धेरै स्थानमा हुस्सु, कुहिरो लाग्ने तथा मध्यान्ह सम्ममा क्रमिक रुपमा सुधार हुँदै जाने सम्भावना छ । वर्षा गराउने उल्लेखनीय मौसमी प्रणाली देशभर नै नरहेको विभागले जनाएको छ।

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मेयर यादवद्वारा खाद्य भण्डार भवन शिलान्यास



**ओम प्रकाश यादव**

गरुडा । रौतहटको गढीमाई नगरपालिका- १ समनपुरमा आधुनिक खाद्य भण्डार भवनको शिलान्यास गरिएको छ ।

गढीमाई नगर प्रमुख श्याम प्रसाद यादवले एक कार्यक्रम बीच समनपुरमा रहेको सैनिक पार्क नजिक उक्त खाद्य भण्डार भवनको शिलान्यास गरेका छन् ।

संघीय सरकार र नगरपालिकाको गरी ८ करोडको लागत स्टिमेट रहेको अढाई तले भवनको निर्माण काम शुरु भएको मेयर यादवले बताए । दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ भवन निर्माणको काम सुरु गरिएको र उक्त निर्माण कार्यलाई तोकिएकै समयमा सम्पन्न गराउने मेयर यादवले प्रतिबद्धता जनाएका हुन् ।

उनले भवन निर्माणपछि प्रभावकारी कार्य सम्पादनसँगै व्यवस्थित भवनबाट नगरवासीले सर्वसुलभ सेवा लिन सहजता हुने विश्वास व्यक्त गरे ।

शिलान्यासको अवसरमा नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, लेखा प्रमुख कामेश्वर सहनी, गढीमाई नगरपालिका वार्ड नं १ का वडा अध्यक्ष रामपुकार यादव लगाएतको सहभागिता रहेको थियो ।

# चिसो बढेपछि जनजीवन प्रभावित

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीसहित तराई क्षेत्रमा बाक्लो हुस्सु लागेर कठ्याङ्ग्रिँदो चिसो हुन थालेपछि जनजीवन प्रभावित भएको छ ।

यस क्षेत्रमा अचानक बिहीबारदेखि बाक्लो हुस्सु लागेर शीत झर्न सुरु भएको हो । दुई दिनअघिसम्म बिहान-बेलुका र रातको समयमा चिसो भए पनि दिनभर भने पारिलो घाम लाग्ने गरेको थियो । तर बुधबारदेखि बाक्लो हुस्सु लागेर कठ्याङ्ग्रिँदो चिसो हुन थालेपछि मधेस प्रदेशको जनजीवन प्रभावित हुन थालेको छ ।

चिसो बढेपछि बालबालिका, वृद्धवृद्धा र दीर्गरोगी बढी प्रभावित भएका छन् । छाप्रामा बस्ने अतिविपन्न तथा मजदुर परिवार ताता खानेकुरा र न्यानो कपडाको अभावमा कठ्याङ्ग्रिन थालेका छन् ।

चिसो बढेपछि विपन्न समुदायको बाहुल्यता रहेको बस्तीमा समस्या सुरु भएको स्थानीयवासी रामवली रायले बताउनुभयो । चिसो छल्न स्थानीयवासीले आगो बालेर ताप्न थालेका छन् । चोक-चौतारामा मानिसको जमघट बन्द भएको छ । कठ्याङ्ग्रिँदो चिसोले विद्यार्थीलाई विद्यालय जान समस्या भएको छ भने मजदुर र किसानलाई नियमित काममा निस्कन गाह्रो परेको छ ।

बढी बाक्लो मात्रामा हुस्सु लागेपछि गाउँले आगो बालेर ताप्न थालेको र पशु चौपायालाई पराल ओछ्याउने, बोरा ओढाउनेलगायत काम गर्न थालेका स्थानीयवासी विनय महतोले बताउनुभयो ।

ि च स ा ` बढिसकेकाले स्वास्थ्यको विशेष ख्याल गर्न प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीका प्रमुख सुदीप काफ्लेले सुझाव दिनुभयो । उहाँका अनुसार यो बेला झोलिलो र तातो खानेकुरा प्रशस्त खान, न्यानो कपडा लगाउन सुझाव दिनुभयो । चिसोबाट टाउको दुख्ने, कोल्ड डायरिया हुने, छातीमा सङ्क्रमण हुने, रुघाखोकी लाग्नेजस्ता स्वास्थ्य समस्या देखिने भएकाले चिसोबाट जोगिने उपाय अपनाउन चिकित्सक काफ्लेले सुझाव दिनुभयो ।रासस

# पार्किङ्ग हटाउन महानगरको आग्रह



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको बसपार्कदेखि लक्ष्मणवा हुँदै गण्डकसम्म पुग्ने सहायक बाइपास सडकखण्डमा भइरहेको जथाभावी पार्किङ हटाउन महानगरले आग्रह गरेको छ ।

महानगरका मेयर राजेशमान सिंहसहितको टोलीले शुक्रबार बिहान उक्त सडक खण्डको स्थलगत अवलोकन गर्दै सडकमै पार्किङ गरिएको र निर्माण सामग्री राखेर आवतजावत गर्न समस्या बनाएको भेटेपछि तत्काल हटाउन आग्रह गर्दै नभए कारवाही पक्रिया अगाडि बढाउने चेतावनी दिए ।

सडकमा जथाभावी पार्किङ गर्ने र निर्माण सामग्री असरल्ल पारेर राख्दा आवतजावतमा समस्या हुनुका साथै दुर्घटना हुन सक्ने भएकाले हटाउन लगाइएको छ ।

मेयर सिंहले शुक्रवार आग्रह गरेर आएको बताउँदै शनिवार देखी महानगरले आफै हटाउने चेतावनी समेत दिएका छन् । सहायक बाइपाससँगै बाइपास सडक खण्डमा अहिले ठूला सवारी साधन बस, ट्रक जस्ता सवारी जथाभावी पार्किङ गर्ने गरेको भेटिने गरेको छ ।

यस्तै मेयर सिंहसहितको टोलीले वडा नम्वर ४ विर्तामा लाग्ने माछा बजारका कारण उक्त क्षेत्र दुर्गन्धित हुन पुगेको भन्दै जथाभावी फोहोर नफाल्न व्यवसायीहरुलाई आग्रह गरेका थिए ।

टोलीले वडा नम्वर ५ र ३ का विभिन्न स्थानको अवलोकन गर्दै त्यहाँका स्थानीयसँग छलफल पनि गरेको छ । भेटका क्रममा मेयर सिंहले वीरगञ्जको विकासका लागि आ-आफ्नो ठाउँबाट साथ दिन अनुरोध गरेका थिए ।

# महिला उद्यमीका लागि सूचना प्रविधि तालिम

काठमाण्डु । रोजगारी सिर्जना र व्यावसायिक सफलताका लागि महिला चेम्बरले उद्यमी महिलाका लागि सूचना प्रविधिसम्बन्धी तालिम दिने भएको छ ।

लर्ड बुद्ध एजुकेशन फाउण्डेसनसँगको सहकार्यमा मुलुकभरका उद्यमी महिलालाई एकवर्षे सूचना प्रविधिसम्बन्धी तालिम दिन लागिएको हो । सूचना प्रविधिको विकास तीव्र गतिमा अघि बढिरहेका सन्दर्भमा उद्यमी महिलालाई दिइने तालिम महत्वपूर्ण भएको बताउनुभयो ।

तालिममा महिला चेम्बरको समन्वयमा स्थानीय तह, प्रदेश र केन्द्रीयस्तरबाटै उद्यमी महिला छनोट हुने चेम्बरले जनाएको छ । उद्यमी महिलाका




तालिमसम्बन्धी सम्झौतापत्रमा महिला चेम्बरकी सचिव लीमा अधिकारी र फाउण्डेसनका अध्यक्ष पङ्कज जलानले हस्ताक्षर गर्नुभएको छ । सो अवसरमा नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्लले लागि सञ्चार क्षमता, बजार प्रवर्द्धन, वेबसाइट डिजाइनलगायत विषयमा तालिम दिइने महिला चेम्बरकी सचिव अधिकारीले जानकारी दिनुभयो । यही पुस १५ गतेदेखि सुरु हुनेछ ।रासस

# निःशुल्क रगत उपलव्ध गराउने



**रञ्जन यादब**

बारा । बाराको प्रसौनी गाउँपालिकाले आफ्नो पालिकाका बिरामीलाई आवश्यक पर्दा ब्लड बैंकबाट निःशुल्क रगत उपलब्ध गराउने भएको छ । नेपाल रेडक्रस सोसाइटी पर्सा शाखासंग प्रसौनी गाउँपालिकाले निःशूल्क रगत उपलब्ध गराउन सम्झौता गरेको छ ।

सम्झौतामा पालिकाका व्याक्तिलाई उपचारका क्रममा रगतको आवश्यकता परेमा वीरगञ्जस्थित रक्तसञ्चार केन्द्र वीरगञ्जबाटनिःशुल्करगतउपलब्ध गराउने गरी सम्झौता भएको हो । यसका लागि सम्बन्धित व्याक्तिले पालिकामा स्थायी बसोबास रहेको नागरिकको परिचय पत्र पेश गर्नुपर्ने र ती कागजातको आधारमा सिफारिस गरिने प्रसौनी गाउँपालिकाका अध्यक्ष बिनोद प्रसाद जैसवालले जानकारी दिए ।

अध्यक्ष जैसवालले ब्लड बैंकमा रगतको प्याकिङ, ग्रुपिङ, भण्डारण इत्यादीमा लाग्ने खर्च नगरपालिकाले भुक्तानी गर्ने सम्झौता गरेकाले अब पालिकाका कोही पनि व्याक्तिले ब्लड बैंकबाट निःशुल्क रगत पाउने उनले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटीले ब्लड बैंकबाट रगत उपलब्ध गराउँदा रगतको प्याकिङ, ग्रुपिङ, भण्डारण र परीक्षणमा लाग्ने खर्चबापत १ हजार ५० रुपैया लिँदै आएको छ । जुन रकम प्रसौनी गाउँपालिकाले आफ्नो गाउँपालिकाबासीको हकमा आफैं तिरिदिने जनाएको छ ।

समझौतामा गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत उदय शंकर चौधरी र नेपाल रेडक्रस सोसाईटी पर्सा शाखाको तर्फबाट कोषाध्यक्ष महन्त प्रसाद यादबले हस्ताक्षर गरेका छन् ।

# कार्यविधि निर्माणका लागि कार्यशाला गोष्ठी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामाकौडेनागाउँपालिकाको लागि स्थानीय तहमा आपातकालिन कार्यसंचालन केन्द्रको कार्यविधि निर्माणका लागि कार्यशाला गोष्ठीको आयोजना गरिएको छ ।



आपतकालिन कार्यसंचालन केन्द्रको कार्यविधि निर्माण गर्ने, केन्द्रको काम कर्तव्य र अधिकारको जानकारीको साथै विपद् व्यवस्थापनलाई सामाजिक सुरक्षासँग कसरी जोड्ने, केन्द्रको संरचना कस्तो हुने, विपद् परेको बेला समन्वय कसरी गर्ने लगायतका विषयमा जानकारी गराउने उद्देश्यले गोष्ठीको आयोजना गरिएको राष्ट्रिय रोजगार केन्द्रका फिल्ड अफिसर दिपेश चौधरीले जानकारी दिए ।

आरआरपिके मलंगवा र कौडेना नगरपालिकाको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सम्पन्न भएको उक्त गोष्ठीमा सहभागी भएका सहभागीहरुलाई सहजकर्ता संतोष न्यौपानेले सहजिकरण गरेका थिए ।

आरआरपिके मलंगवाका अध्यक्ष गायत्री यादवको अध्यक्षता तथा कौडेना गापा का प्रमुख प्रशासकीय अधिकृत शम्भु यादवको प्रमुख आतिथ्यतामा अध्यक्षता शुक्रवार मलंगवा स्थित महेन्द्र होटलमा सम्पन्न भएको गोष्ठीमा पालिकाका वडाअध्यक्ष, वडासदस्य, विभिन्न शाखाका शाखा प्रमुख, सुरक्षाकर्मी लगायतको सहभागीता रहेको थियो ।

# चुरे विनासले बस्ती नै सखाप

धनुषा । झट्ट हेर्दा विश्वासै लाग्दैन, कुनै समय यहाँ बस्ती थियो । चुरे विनासको कारण कुनै बेला धनुषामा रहेको यो गुल्जार बस्तीको अहिले नामोनिसान छैन ।

तत्कालीन धनुषाको दिगम्बरपुर गाविस-४ छेडीपोखरी मानवविहीन बन्न पुगेर त्यहाँका सम्पूर्ण गाउँले अन्यत्र बसाइँ सर्न विवश भएका छन् । हाल उनीहरु गाउँभन्दा करिब दुई किलोमिटर पर अलिक अग्लो जमिनमा पुगेर बसोबास गरेका छन् । त्यस ठाउँलाई अहिले क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवा बजार नयाँ टोल भनेर चिनिन्छ ।

'केही वर्ष अघिसम्म यहाँ मासि बस्थे, तिनले खाने पानीको इनार यही हो', सामुदायिक वन उपभोक्ता समिति महासङ्घ प्रदेश-२ का अध्यक्ष सोमप्रसाद शर्माले भन्नुभयो, "अचानक एक दिन बाढी आयो र बस्ती बगायो ।' पैँसठ्ठीभन्दा बढी घरपरिवार रहेको त्यो बस्तीमा अहिले खाली जमिन छ । केही पोखरी खनिएका छन् र ठूलो क्षेत्र बगरमा परिणत भएको छ । विसं २०४५ मा झन्डै आठ फिट गहिराइबाटै नदीले काटेर बगाइदिएपछि सारा गाउँ नै बगरमा परिणत भयो । अहिले यहाँ बस्ती थियो भन्ने कुनै प्रमाण यहाँ भेटिँदैन, एउटा इनारको भग्नावशेष बाहेक ।



अध्यक्ष शर्माले भन्नुभयो, "यो इनार अहिले जति अग्लो देखिन्छ, त्यति नै उचाइमा यहाँ गाउँ थियो, यो सबै देख्दादेख्दै पनि हामीले अझै चुरेमाथि खेलबाड गर्न छाडेका छैनौँ ।' यस्ता थुप्रै बस्ती अन्यत्र पनि विस्थापित बनेका छन् । तराई-मधेसमा चुरे दोहनको फरक-फरक रोचक र टिठलाग्दो दृष्य छन् । अनियन्त्रित उत्खनन र चुरे दोहनले केहीवर्ष अघिसम्म यहाँका खोलामा नियमित बगिरहने जरुवाको पानी बिलाएर गएको छ ।

पानीका मुहान एकपछि अर्को गरेर सुक्न थालेका छन् । खानेपानीका मुहान, पोखरी, इनार, बगिरहने पानी र डिप बोरिङ बन्द भएपछि तराई-मधेसका अधिकांश क्षेत्र मानव वसोवास र कृषि उत्पादनका लागि अयोग्य बनेका छन् ।

तत्कालीन दिगम्बरपुर गाविस र हाल क्षीरेश्वरनाथ नगरपालिका-८ मा पर्ने यस गाउँको इतिहास दुई सय वर्ष पुरानो मानिएको छ । करिब दुई सय वर्ष पहिला यस गाउँमा थारू समुदायका मानिस भारतको मुङ्गेरबाट आएका हुन् भन्ने बुढापाका बताउँछन् । यस गाउँमा शोभित चौधरीका बुढा हजुर बुवा अमृत पोद्धार(चौधरी) विर्तावाल हुनुहुन्थ्यो । यस भेगमा उनको ठूलो सम्मान थियो । पछि पहाडी समुदायका मानिसको प्रवेश हुन थालेपछि यिनीहरूको प्रभाव घट्दै गएको देखिन्छ ।

विसं २००७ पहिले नै यस भेगमा जङ्गल फँडानीको क्रम सुरु भइसकेको थियो । पाल्पाबाट १९९० सालतिर नै आएका डम्बरबहादुर खातीले पाल्पाका बडाहाकिम प्रताप शमशेरको संरक्षणमा जङ्गल फँडानी गरी हरिहरपुरमा नयाँ बस्ती बसालेका थिए ।

विसं २००७ को क्रान्तिमा अग्रणी भूमिका खेल्ने धनुषा लोहना वभनगामा निवासी दिगम्बर झा क्रान्तिकालमा गठित जनसरकारका प्रभावशाली व्यक्तित्व थिए । आन्दोलनको क्रममा उनको खातीहरू (बलबहादुर खाती, लालबहादुर खाती र वीरबहादुर खाती)सँग निकट सम्पर्क भयो ।

हरिहरपुर बस्ती बसेजस्तै जनसरकारका प्रभावशाली व्यक्ति मानिएका दिगम्बरले त्यस भेगमा जङ्गल फँडानी गरी नयाँ बस्ती विस्तार गरेकाले उनको नामबाटै बस्तीको नाम दिगम्बरपुर राखियो । पछि बलबहादुर खाती गाउँका जमिन्दार र हर्ताकर्ता भए ।

पहिला दिगम्बरपुरमा जलाद खोलाको चौडाइ चार सय मिटर मात्र रहेकामा अहिले हजार मिटरभन्दा पनि बढी भएको छ । बर्सेनि जलाद खोलाले ५-६ बिघा जग्गा कटान गर्ने गर्दछ । विसं २०४५ मा आएको विनाशकारी बाढीले पूरा छेडीपोखरी गाउँ नै बगाएर लग्यो ।

यहाँ बसोबास गर्दै आउनुभएका ७४ वर्षीय ललितबहादुर बुढाथोकी आजभोलि पनि पौने एक घन्टा हिँडेर त्यो उजाडस्थल हेर्न पुग्नुहुन्छ । उहाँको बाल्यकालदेखिका थुप्रै सम्झना झलझली आउँछ । "हेर्दाहेर्दै सबैथोक लगिदियो', बुढाथोकीले भन्नुभयो, "म मात्र होइन गाउँभरिका मानिस एकसाथ बर्बाद भयौँ ।'

रामेछापको नागदहबाट २०११ सालमा बुबाको काँध चढेर आउँदा ललितबहादुर सानै हुनुहुन्थ्यो । "बा आमा मिलेर खेतीपाती सुरु गर्नुहुन्थ्यो', उहाँले सम्झनुभयो, "हामी त्यहीँ खेलेर हुर्कियौँ ।'

आमाबुबाको शेषपछि ललितका दाजुभाइले पनि त्यसै ठाउँमा कृषि कर्म अघि बढाउनुभयो । जलाद खोलाको छेवैमा भएकाले यहाँ मनग्गे पानी आउने, गज्जबको खेतीपाती हुन्थ्यो । गाउँमै मूल फुटेर निस्केको पानीलाई बाँधेर सिँचाइ गरिएको थियो । त्यो सिँचाइले छेडीपोखरी मात्र नभई छिमेकको इच्छापुरका समेत डेढ सय बिघाभन्दा बढी खेतलाई सिञ्चित गर्न मद्दत गरेको थियो ।

ललितबहादुरले भन्नुभयो, "विसं २०४२ ताकाको कुरा हो, सोझो नदी त हेर्दाहेर्दै नागदेबेली परेर बग्न थाल्यो । सुरुमा त गाउँको छेउछेउतिर पेटी कटान गर्दै ल्यायो । अर्को वर्ष अझ बढी कटान भयो ।' विसं २०४४ मा गाउँभरि नदी बग्न सुरु भयो । जुन दिन खेतमा नदी पस्यो, त्यसै दिनदेखि नै यहाँका बासिन्दाको उठिबास भयो ।

उहाँले भन्नुभयो, "अरू गाउँले त तत्कालै छाडेर हिँडिहाले । म चाहीँ किनार किनार सर्दै त्यतै बसिरहेँ । अन्तिममा किनारा पनि च्याप्दै लगेपछि केही सीप नलागेर मैले पनि बसाइँ सरेँ ।' उताबाट बसाइँ सरेर आएका गाउँलेले नै आवाद गरेको बस्ती हो यो । अहिले अन्यत्रबाट थपिएकासमेत गरेर डेढ सयभन्दा बढी परिवार यहाँ बसोबास गर्दछ ।

खेती किसानी गरेर जीविकोपार्जन गर्दै आउनुभएका उहाँले जानेको अरू कुनै काम थिएन । बिहे भएर गएकी छोरीले किनिदिएको १० धुर जग्गामा एउटा छाप्रो बनाएर उहाँका श्रीमान-श्रीमती बस्दै आएका छन् । "बिहान बेलुका यहीँ चिया बनाएर बेच्ने गर्छु । मुस्किलले जीवन चलिरहेको छ ।'

यसरी विस्थापित हुनुपर्दाको समस्या उहाँलाई मात्र होइन, सम्पूर्ण गाउँलेलाई परेको छ । त्यो गाउँका कसैको पनि जग्गा जमिन अर्को गाउँमा थिएन । चारकिल्ला ठोकिएजस्तो थियो यो ठाउँ । यहाँ पहाडे र मधेसी परिवारको मिश्रित बसोबास थियो । उहाँले भन्नुभयो, "यस्तो अवस्थामा सबै एकसाथ बिल्लिबाँठ भयौँ ।'

आफूहरूले ऐलानी जग्गामा खेती र बसोबास गर्दै आएको भए पनि छेडीपोखरीका धेरै परिवारको नम्बरी जग्गा रहेको यहाँ बताउनुहुन्छ । उहाँका अनुसार छेडीपोखरीमा पसेको झन्डै १० वर्षपछि फेरि नदीले बाटो फेरेको थियो ।

छेडीपोखरीकै छेउमा रहेको इच्छापुरका बासिन्दा लक्ष्मीकुमार यादव भन्नुहुन्छ, "उहाँ केटाकेटी हुञ्जेल पनि गाउँ छेउको जलाद नदी एकतिरबाट मात्र बगेको थियो । त्यतिबेला बढीमा सय मिटर चौडा थियो ।'

नदीतर्फ औँल्याउँदै उहाँ भन्नुहुन्छ, "अहिले त तीन वटा ठाउँमा पाँच सय मिटरभन्दा चौडा भाग नदीले ओगटेको छ ।' छेडीपोखरीमा नदी पसेर जलादले दोस्रो धार बनाएको थियो भने १० वर्षमा छेडीपोखरी र पुरानो नदीको बहावको बीचमा फेरि अर्को धार बनाइदियो । अहिले नदी योबीचकै धारबाट बगिरहेको छ । पछिल्लो समय नदीको तटबन्ध गरिए पनि बर्सेनि कटान नरोकिएको समाजिक परिचालक लक्ष्मीकुमार बताउनुहुन्छ ।

राष्ट्रपति चुरे संरक्षण कार्यालयलगायत जिल्ला वन, भूसंरक्षण कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरेनरी अस्पताल तथा पशु सेवा केन्द्र कार्यालय, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, जनताको तटबन्ध कार्यालयमार्फत चुरे संरक्षणका प्रयास भइरहेका छन् ।

चुरे संरक्षणको निम्ति गम्भीर भएर सबै क्षेत्रबाट पहल नभए धनुषाको छेडपोखरी गाउँजस्तै धेरै गाउँ मरुभूमिमा परिणत हुने विज्ञहरुले औँल्याएका छन् । वातावरणविद्, चुरेका अनुसन्धानकर्ता डा विजयकुमार सिंह दनुवार भन्नुहुन्छ, "जुन मात्रामा चुरेले विनास भोगिरहेको छ, त्यसको अनुपातमा संरक्षणको प्रयास असाध्यै झिनो छ ।'

तीन दशकभित्र जलाद नदीले तीन वटा धार परिवर्तन गरेको छ । काठको चोरी निकासीलाई नियन्त्रण गर्न नसक्दा चुरे र त्यसभन्दा मुनिको भावर नाङ्गो भइसकेको बताउनुभयो । वन फँडानीकै कारण भावर क्षेत्रका जमिनले पानी परेपछि त्यसलाई सोस्नै छाडेको सिंहको भनाइ छ ।

वर्षामा आउने भेलले ढुङ्गा, माटो र बालुवा बोक्दै तल मधेसका खेतमा थुपार्ने क्रम बर्सेनि बढ्दै गएको छ । चुरेभन्दा माथिको महाभारत पर्वत शृङ्खलामा हुने गतिविधि पनि चुरे र तराई-मधेससँगै जोडिने विज्ञ सिंहको भनाइ छ । महाभारत शृङ्खलाका पहाड नै फोरिए पनि अन्तिममा तराई नै मरुभूमिकरण हुनेछ । "महाभारतका पहाड उत्खनन गर्दा २५/३० प्रतिशत मात्रै निर्यातयोग्य ढुङ्गा, गिट्टी निस्कन्छ, बाँकी ७०/७५ प्रतिशत 'डेमरेज' नदी-खोलामै मिसिएर तराईमा पुग्छ', डा सिंह भन्नुहुन्छ, "दर्जनौँ पहाड त्यसरी खोतलियो भने तराई पुरिन कत्ति पनि समय लाग्दैन ।'रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## म पानी

म पानी बोल्दछु
म खलखल बग्दछु ॥
नगर मलाई फोहर
म सबैलाई जिवन दान गर्ने छु ॥
मलाई खान नपाएर मान्छे मर्छन
मलाई खाएर पनि मान्छे मर्छन
जिन्दगी हो पानी
जोगाउँ भावी सन्तानलाई पानी ।
यो धर्तीसँग सोध मलाई
त्यो माछा सँग सोध,कसरी म भित्र रमाउँदै छ ॥
म बिना यो प्रकृतिले हरियाली गुमाउँदै छ ॥
तिमी जलपान हो मान्छे
तिमी हौ स्वार्थी
आफ्नो चाहना पुरा गर्न
बिगार्दै छौ प्रकृति ॥
कहिले हावा कहिले माटो कहिले म सँग खेल्दछौं ॥
न बिर्सें है मान्छे
हामीले तिमीलाई मृत्युको मुख सम्म पुर्याउने छौं ॥
हामी छौं निष्पक्ष,हामी छौं निस्वार्थी
नगर हामी मा मिसावट हाम्रो रुप हराउँदै छ ,म हुँ पानी॥



नाम:- राधा कुमारी भगत
ठेगाना:- जनकपुरधाम उपमहानगरपालिका -४
(विश्वकर्मा चौक)
कक्षा -११ (कानुन संकाय)
विधालय:- मोनाष्टिक कलेज, जनकपुरधाम

## कविता

शब्द-शब्द जोडिक
पंत्ती बनाबिरहल छी
पत्येक शब्दमे लय भरिक
मेघकें गर्जन सन,
ललकार भरिरहल छी
नि:शन्द रात्री सन
सुमधुर स्वर भरिरहल छी
बिना लक्ष्यकें बाटप छोडिदैत छी
हवाक तरंग सन
यैअ पहाड ओइ पहाड
ठोकर खा पुनः
झिझरायत गुंजैत लौटी अबै
ओहे बात जँ उतरै
सदापना प?
निखारी जँ कलमकें नोखसँ तँ
हावासन धरगर हथियार भ'जाइ
ओहे हथियारक उपयोगसँ
समाजक कुनितीकें मुर्छितक
लौटी अबैय
तखन महसुस होइय
शब्द संगक अटुट सम्बन्ध



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार
दोहा कतार

## फोहर

मलाई जथाभावी नफालँ
म पछि गएर समस्या बन्ने छु ।
मलाई सदुपयोग गर

म पछि गएर काम लाग्ने छु।
सबैले मलाई हेप्छन्
हेर्न चाहदैनन्

सुघ्नँ सुहाउँदैनन्
किन म यस्तो भए ?
संसार मा अरुपनि धेरै कुरा छ

तर किन म फोहरी भए ?
जति सजाएर राखे पनि ,म गन्हाउने छु
जति दबाएर राखे पनि ,म गन्हाउने छु

जात हो मेरो दुई टा
एउटा मर्छु ,एउटा मार्छु
किनकि म फोहरी छु ॥

फोहरबाट मोहर बनाउँ
पुनः मेरो जन्म हुनेछ।
मलाई बेच्यौ भने

आम्दानी वृद्धि हुनेछ।
म हु फोहर , मलाई नजलाउ,
बरु फाल देउ फोहर को वरिपरि

मलाई पनि पोल्छ
म छरिएको छु संसारभरि ॥



नाम:- दिवेश कुमार महतो (दिवेश क्रान्ति कुशवाहा)
ठेगाना :- मिथिला नगरपालिका वार्ड नं -१,
नक्टाझिज, धनुषा

## कविता

मैले लेख्न नसकेको कविता
कुनै समय थियो
मैले लेख्न छोडिसकेकको थिए
आँखा त थिए मेरा
तर देख्न छाडिसकेको थिए
म सायद बिलाई जान्थें होला हावा सँगै
बाँकी हुँदै थिएन मेरो अस्तित्व कतै हो
त्यही समयमा भेटेको थियो मैले एउटा कविता
"मैले लेख्न नसकेको कविता
त्यही कविता जस्ले
जस्तै जन्म दियो थुप्रै कविताहरू
जसमा छन धेरै शब्दहरु अनि भाव लुकेका
अनगिन्ती सपना अनि ख्वाव लुकेका
यो कविता आफैंमा उपन्यास भन्दा कम छैन
त्यो कविता कुनै बिश्वाश भन्दा कम छैन
साँच्चै रमाइलो अनौठो र
अचम्मको छ त्यो कविता
हर्ष छ उल्लास छ
आफ्नो पनको आवासका
साँच्चै राम्रो छ त्यो कविता
"मैले लेख्न नसकेको कविता
त्यही कविता जस्तो मलाई कवि बनायो
तर कुनै अफसोच छैन चाहेर पनि
लेख्न सकिन त्यो त कविता
किन कि
लेख्न नसकिने त्यो मेरो आफ्नै कविता हो
मेरो जीवनको निकै प्रिय कविता
हुनेछ सधैं मेरो नजिक
हरदम हरपल
हरेक पाइलाहरुमा
मेरो जीवनको सबैभन्दा उत्कृष्ट कविता
मैले लेख्न नसकेको कविता



लेखक : राजन दास
बिदेह नगरपालिका

## 'दुई नम्बरी' निर्माताको 'हात्तीछाप' मा भित्रिए दयाहाङ

काठमाण्डु । सुपरस्टार दयाहाङ राई र निर्माता किरण नेपालीबीच पुनः टिमअप भएको छ। यसअघि फिल्म 'दुई नम्बरी'मा सफल सहकार्य गरेका उनीहरुको नयाँ फिल्म 'हात्तीछाप'मा जुगलबन्दी भएको हो । बिहीवार निर्माता नेपाली र दयाहाङबीच सम्झौता पत्र आदान प्रदान भयो । टिमप्रति विश्वास र कथावस्तु राम्रो लागेका कारण आफू फिल्ममा काम गर्न राजी भएको दयाहाङले बताएका छन् ।

फिल्मलाई सिमोस सुनवारले निर्देशन गर्दैछन् । उनले दयाहाङलाई पहिलो पटक एक्सन-कट गर्न लागेका हुन् । फिल्मका लागि अन्य कलाकारको छनौट भने हुन बाँकी छ । निर्माण टिमले अर्को एक नायकका लागि सौगात मल्ल, विपिन कार्की र खगेन्द्र लामिछानेसँग कुरा अगाडि बढाएको छ भने अभिनेत्रीमा उपासना सिंह ठकुरीसँग कुराकानी भइरहेको विश्वस्त स्रोतको दाबी छ।

प्रदीप भारद्वाजले फिल्मको कथा, पटकथा तथा संवाद लेखिरहेका छन् । उनले स्क्रिप्ट लेखनबापत १५ लाख बुझेको स्रोत बताउँछ ।

## गजल

जीवन सोचल सपना साकार ए नै भेलै कैलाहा
धैलाहा सब बेकार भेलै !
ओक्रा बारे मे सोइच सोइच के दिनों अनाहर भलै
केमहर स ओक्रा एक बाजी दखलु से मन मे विचार भेलै !
ओक्रा याद मे हिर्दय जैर के तार तार भेलै
याद करैत करैत जीवन अन्धकार भेलै !
ठण्डी के मास मे शरीर पसिना के धार भेलै।
देखाई छी त आइख मे आँशु के बर्सात भेलै !
सोचली ओक्रा याद नै करबाई लेकिन याद केनैये
जीवन जिय के आधार भेलै



लेखक:- दिपक निधि
जनकपुरधाम ४

## आशा

जिन्दगि दोधारमा छ
गर्नु धेरै काम छ
बाल बच्चालाई हुर्काउनु छ
आफ्नो काँधको जिम्मेवारी पुरा गर्नु छ
कमाउने श्रोत भेटेको छुइन
हिड्दै छु तर गन्तव्य पाउन लाइ
सबैले केलाउँछ मन तर
राख्दैन सँगसँगै कसैले
ब्यापार भन्या फित्तलो छ
कमाउने श्रोत खाडी मात्रै देखिन्छ
जन्मभुमी मा छु बच्चाबुच्चि संगै रमाउदै छु
श्रीमती खास छ
उसलाइ पैसाको आश छ
मलाइ बुवाआमाको मायामा विश्वास छ
जिन्दगि दोधारमा छ
गर्नु धेरै काम छ



प्रमोद राम
जनकपुर- ९

## पागल

म भन्दा ठूलो पागल को हुन सक्छ र?
जसले घाउ भएको पिठिउँ मा तिम्रो धाप सहन सक्छ ! र भन्दैछ,
यो चोट लागेको ठाउँ मा खुटा समहालेर जाउ है माया
नत्र तिम्रो महगो कपडा मा रगत लागन सक्छ!
म भन्दा ठूलो पागल को हुन सक्छ ? सुनन माया,
यदि तिम्रो धाप सहदा सहदै मेरो मृत्यु भई हाल्छ भने,
बुझ्नु कि हामिले गरेको माया झुठो हुन सक्छ!
म भन्दा ठूलो पागल को हुन सक्छ ? र अन्तयमा,,
मेरो मृत्यु पछि मेरो समझना मा सायद तैँले पनि काललाई बोलाउँछेस
किनभने तँलाई पश्चात हुनेछ माया यो सोचेर कि
मैले गरेको तेरो लागि अरु कसैले कहाँ गर्न सक्छ?
म भन्दा ठूलो पागल को हुन सक्छ ?



रचना:-रमेश मण्डल धानुक
मिथिला बिहारी नगरपालिका-१
भुतही पटेर्वा,धनुषा,नेपाल

## सुरु भयो 'प्रसाद २' को छायांकन, विपिनको जोडी केकी



काठमाण्डु। ठूलो रस्साकस्सी र संघर्षपछि फिल्म 'प्रसाद २'को छायांकन सुरु भएको छ। कहिले कलाकार र निर्देशक परिवर्तन हुने त कहिले छायांकन सेटमा पुगेर पनि विभिन्न विवाद उब्जिएपछि अस्तव्यस्त बनेको यो फिल्मको बिहीबार कास्कीको माछापुच्छे गाउँपालिकामा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै छायांकन थालिएको हो । करिब ४० दिनसम्म यही ठाउँमा फिल्मको छायांकन हुनेछ।

सुदर्शन थापाले क्याप्टेनसिप सम्हालेको फिल्ममा विपिन कार्की र केकी अधिकारी मुख्य भूमिकामा छन् । पहिला केकीको ठाउँमा अभिनेत्री नम्रता श्रेष्ठ थिइन् । तर, अर्को फिल्मसँग सेड्युल जुधेपछि उनी सहमतिमै बाहिरिइन् र केकी भित्रिएकी हुन् । केकीको प्रवेशपछि फिल्मको स्क्रिप्टलाई केही परिवर्तन गरिएको जानकारी प्राप्त छ। विपिन भने 'प्रसाद'को पहिलो श्रृंखलामा पनि थिए ।

एस.जी फिल्मस् र सुलभ थापा प्रोडक्शनको ब्यानरमा निर्माण हुन लागेको फिल्मका निर्माता सुदर्शन बस्नेत र कार्यकारी निर्माता सुवास थापा हुन् । फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणी नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डे लगायत पनि कलाकारमा छन् । फिल्ममा राजेश श्रेष्ठको छायांकन, उत्तम न्यौपानेको ध्वनी, राजनराज सिवाकोटीको गीतमा संगीत रहनेछ ।

फिल्मलाई रंग पत्रकार सुशिल पौडेलले लेखेका हुन् । २०७५ सालमा प्रदर्शित 'प्रसाद' सुपरहिट भएपछि यसको सिक्वेलको रुपमा 'प्रसाद २'को निर्माण हुन लागेको हो । फिल्मको कथावस्तु उत्कृष्ट भएकाले यसको सिक्वेलले पनि अघिल्लो श्रृ लाको जस्तै माया पाउने विश्वास निर्देशक सुदर्शन थापाले लिएका छन् । मुहूर्त सेटबाट प्राप्त तस्विरमा केकी र विपिन फरक गेटअपमा प्रस्तुत छन् ।

## आर्यनका लागि हरेक फिल्म कमब्याक

काठमाण्डु । एक समय लभस्टोरी फिल्ममा निर्विकल्प झैं मानिन्थे आर्यन सिग्देल। आजका दिनमा पनि उनी जति लभस्टोरी फिल्ममा जम्न सक्ने अभिनेताको जन्म नभएको विश्लेषण हुने गर्छ। तर, केही वर्षयता उनको करिअर असन्तुलित बनेको छ । आशा गरेका फिल्महरु नै असफल हुँदा उनको करिअर धरमराएको छ । यतिबेला उनलाई नेपाली फिल्ममा पुर्नजन्म दिने एउटा हिट फिल्मको खाँचो छ।



पुष १५ गते उनी अभिनीत फिल्म 'डिसेम्बर फल्स' रिलिज हुँदैछ, जसमा उनको आशा, अपेक्षा र विश्वास अडिएको छ। सम्भवतः पहिलो पटक उनी पूर्ण विश्वासका साथ फिल्म राम्रो बनेको छ भन्दै दाबी गरिरहेका छन् । यसअघि उनलाई कुनै फिल्मप्रति यो हदसम्म आत्मविश्वासी देखिएको थिएन । यसैले उनी दर्शकले फिल्म मन पराउने र व्यवसायिक रुपमा सफल हुनेमा विश्वस्त छन् ।

बिहीबार साँझ ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने, 'फिल्म एकदमै राम्रो बनेको छ। एउटा प्याकेजको कमर्शियल फिल्म हो। जस्तो फिल्ममा मलाई दर्शकले हेर्न चाहनुहुन्थ्यो, त्यस्तै फिल्म बनेको छ। म स्क्रिप्टदेखि पोस्ट प्रोडक्सनसम्म साथमै छु। फिल्म राम्रो बनाउने प्रयासमा कुनै कसर छाडेका छैनौं । मलाई धेरैपछि कुनै फिल्मप्रति विश्वास लागेको छ भने त्यो 'डिसेम्बर फल्स' हो ।'

करिब २ वर्षपछि उनको नयाँ फिल्म प्रदर्शन हुन लागेको हो । यसैले यो फिल्मलाई उनको कमब्याक भनिएको छ। तर, आर्यन आफ्ना हरेक फिल्मलाई कमब्याक मान्छन् । 'मेरो लागि हरेकफिल्मकमब्याक हुन्छाचारमहिनापछि अर्को फिल्म आउँदैछ भने त्यसलाई पनि कमब्याक नै मान्नुपर्छ । यो फिल्मले राम्रो गर्‍यो भने मेरोभन्दा पनि फिल्मको चाहिँ कमब्याक हुन्छ,' आर्यनले भने।

उनले आफू निर्देशक नबन्ने पनि स्पष्ट पारेका छन् । एक पत्रकारले निर्देशक बन्ने योजनाबारे सोधेको प्रश्नमा उनले भने, 'म निर्देशक बन्दिनँ। अहिलेसम्म त्यसबारेमा सोचेको छैन । म कलाकार नै ठीक छु ।' प्रवीण झा निर्देशित 'डिसेम्बर फल्स'मा आर्यनको जोडी अभिनेत्री उपासना सिंह ठकुरीसँग बाँधिएको छ । सलोन बस्नेत, शिवहरी पौडेल, नरेश भट्टराईको पनि यस फिल्ममा अभिनय छ।

## पुष्प र साम्राज्ञीको आशा र भरोसा 'तिम्रो मेरो साथ'

काठमाण्डु । अभिनेता पुष्प खड्का र अभिनेत्री साम्राज्ञी आरएल शाह अहिलेका हटकेक हुन् । युवा वर्गमा दुवैको फ्यान फलोइङ गजब छ भने फिल्ममा माग पनि लोभलाग्दो छ । दुवैलाई आफ्नो काँधमा फिल्म बोक्ने सक्ने स्टारडम भएका कलाकारको रुपमा चित्रित गरिन्छ । अभिनयमा पनि सशक्त मानिने उनीहरुलाई एउटै फिल्ममा लिने धेरै निर्माताको चाहना छ । तर, केही मात्र सफल भएका छन् ।

पुष्प र साम्राज्ञीले पहिलो पटक नवल नेपाल निर्देशित फिल्म 'मंगलम'मा काम गरे । यसमा साम्राज्ञीको केमियो भूमिका मात्र थियो । पुष्पसँग पर्दामा उनको भेट भएको थिएन । दोस्रो पटक पनि यो जोडीले नवलकै निर्देशनमा बनेको फिल्म 'मारुनी'मा काम गर्‍यो । अब यी दुईले एकसाथ काम गरेको तेस्रो फिल्म 'तिम्रो मेरो साथ' पुष २९ मा प्रदर्शन हुँदैछ । यो फिल्म दुवैको आशा र भरोसा हो ।



गत भदौमा प्रदर्शनमा आएको फिल्म 'कृष्ण लीला'को असफलताले पुष्पलाई ठूलो चोट परेको छ। त्यो चोट पुर्नका लागि भएपनि उनलाई 'तिम्रो मेरो साथ'को सफलता अपरिहार्य छ। साम्राज्ञी पनि आफ्ना पछिल्ला दुई फिल्म 'मारुनी' र 'रातो टीका निधारमा'को असफलताले आहात छिन् । हिट नायिकाको छविमा लागेको फ्लपको दाग मेट्न उनलाई 'तिम्रो मेरो साथ'को सफलता जरुरी छ ।

हुनत, कुनै पनि फिल्म कलाकारका कारण हिट या फ्लप हुने भन्ने हुँदैन । यसमा विभिन्न तत्वले भूमिका खेल्छ । माहोल, प्रचार-प्रसार, वर्ड अफ माउथ, गीतसंगीत र ट्रेलरले सृजना गर्ने हाइपमा फिल्मको सफलता र असफलता निर्भर रहन्छ । 'तिम्रो मेरो साथ'को सफलताका लागि पुष्प र साम्राज्ञीलाई यी कुराले साथ दिन आवश्यक छ । र, उनीहरु फिल्म सफल हुनेमा विश्वस्त छन् ।

रमेश एमके पौडेलद्वारा निर्देशित फिल्ममा सन्दिप क्षेत्री, खड्क बहादुर पुन, इमिली लामा, सरोज खनाल, दिपाशा विसीलगायतको अभिनय रहेको छ भने विशेष भूमिकामा कलाकार ध्रुव दत्तले अभिनय गरेका छन् । यो लभस्टोरी फिल्ममा निर्देशक पौडेलकै कथा लेखन, गीत रचना र निर्माण रहेको छ । सविर श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मको पटकथा तथा संवाद उनले नै लेखेका हुन् ।

# मेयर यादव भ्रष्टाचारमा लिप्त, नपाको बजेट दुरुपयोग गर्दै

**ओम प्रकाश यादव**

गरुडा । रौतहटको माधवनारायण नगरपालिकाका नगर प्रमुख बैद्यनाथ प्रसाद यादवले नगरपालिकामा ब्रहमलुट मच्चाएको पाइएको छ ।




मेयर यादवले विना कुनै कार्यक्रम गरी आफ्ना मनपर्दी गैरकानुनी तारिकाले खाजा र खानाको नाममा लाखौं रकम हिनामिना गर्नुका साथै व्यक्तिगत कर्मचारीको नाममा पेश्की रकम निकासा गराएको पाइएको छ ।

नगरपालिका कार्यालयको आयोजनामा कुनै कार्यक्रम गर्नुपर्दा मात्र सहभागीहरुको खाजा र खानाको खर्च नगरपालिका कार्यालयले व्यवहोर्ने नियम छ तर माधव नारायणका मेयर बैद्यनाथ प्रसाद यादवले विना कुनै कार्यक्रम नै नगरी जिल्लाको विभिन्न होटलमा खाना र खाजा खुवाएको भनी लाखौं रकम भुक्तानी गराएको रहस्य खुलेको छ ।

मेयर यादवको आदेशमा विल भर्पाइको आधारमा गौरमा रहेको राज होटलको ४ लाख ९ हजार ३ सय, चन्द्रनिगाहपुरको एन प्लाजा होटलको २ लाख ४३ हजार र सोही ठाउँको पशुपति होटलको ४६ हजार रुपैयाँ भुक्तानी दिइएको लेखापाल रामबलम यादवले जानकारी दिए ।

मेयर यादवको तोक आदेशमा भुक्तानी दिइएको उक्त होटलहरुमा नगरपालिकासंग सम्बन्धी कुनै कार्यक्रम नै नभएको पाइएको छ । त्यस्तै कुनै संस्था वा उपभोक्ता समितिको नाममा मात्र पेश्की दिनुपर्ने नियम छ तर माधवनारायण नगरपालिकाबाट चारजना कर्मचारीको व्यक्तिगत नाममा लाखौं रकम पेश्की निकासा गरिएको छ। पेश्की लिनेमा सरकारी कर्मचारी देखि लिएर करारका कर्मचारी समेत रहेका छन् ।

विभिन्न कार्यक्रम सञ्चालन गर्ने भनी नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत मिश्रिलाल साहको नाममा ८ लाख ५० हजार, प्रशासन शाखा प्रमुख पृथ्वीनारायण यादवको नाममा १२ लाख, करारमा कार्यालय सहयोगीको रुपमा कार्यरत अर्जुन साहको नाममा ८ लाख र करारकै अर्का कार्यालय सहयोगी राजेश पण्डितको नाममा ७ लाख रकम कार्यक्रम सञ्चालन गर्नुभन्दा अघि नै अग्रिम भुक्तानी दिइएको देखिएको छ ।

नगरको विकासका लागि आएको रकम विकास कार्यमा खर्च नगरी मेयर यादवले होटलमा खर्च गरेर ब्रहमलुट मच्चाएको स्थानीयहरुले बताएका छन् ।

मेयरमा निर्वाचित भएको ७ महिना बितिसक्दा पनि उनले अहिलेसम्म एउटा पनि ठोस काम गर्न नसकेको र जनताको विकास बजेट दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गर्न खोजेको भन्दै मेयर यादवको सामाजिक सञ्जालमा चर्को विरोध हुन थालेको छ ।

जनता समाजवादी पार्टीका मधेश प्रदेश सदस्य श्याम विहारी यादवले माधवनारायणका मेयर बैजु यादव नगरपालिकालाई कमाउखाने भाँडो बनाएको आरोप लगाएका छन् ।

मेयर पदको आडमा कानूनलाई हातमा लिएर मेयर यादवले ७ महिनामै नगरपालिकालाई अस्तव्यस्त बनाइदिएको नेता यादवले बताए ।

कर्मचारीलाई पेश्की, होटलको अनावश्यक विल भुक्तानी लगाएत बहानामा मेयर यादवले आफना कार्यकर्तालाई पाल्ने काम मात्र गरेको उनले बताए । मेयर यादवको कार्यशैलीले नगरवासी आजित भइसकेकोले भ्रष्टाचारमा लिप्त नभई जनताको कामप्रति उत्तरदायी भएर लाग्न उनले मेयर यादवलाई सुझाव दिए । यस सम्बन्धमा मेयर वैद्यनाथ यादवसंग प्रतिक्रिया लिदा उनले कुनै ठोस जवाफ दिन सकेन् ।

# विपद् व्यवस्थानमा जुटे प्रदेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जाडो याममा हुने सक्ने विपद् व्यवस्थापनको लागि तयारी थालेको छ । मंसिरको अन्तिम सप्ताहमा मधेश प्रदेशका जिल्लाहरुमा हुस्सु सुरु भई चिसो बढेको छ । जाडो याममा प्रत्येक वर्ष मधेश प्रदेशका मानवीय लगायतका विभिन्न क्षतिहरु हुदै आएको छ । त्यसलाई मध्यनगर गरेर प्रदेश सरकारले जाडो याममा सक्ने विपद् र त्यसको व्यवस्थापन तथा जोखिम न्युनिकरणको लागि प्रदेशका गृह तथा संचार मन्त्रालयले तयारी थालेको छ ।



प्रदेशका गृह तथा संचार मन्त्री तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष भरत प्रसाद साहले जोडो याममा निम्तिन सक्ने विपदालाई मध्य नजर गर्दै आवश्यक तयारीका लागि विभिन्न सरोकारवाला निकायसँग छलफल समेत गरेको छ । जाडो याममा हुने सक्ने विपद् जोखिम न्युनकरणका लागि न्यानो कपडा वित्तरणदेखि हुस्सुको कारण हाईवेमा हुने सडक दुर्घटना रोक्न सम्मको योजना बनाईने मन्त्री साहले बताए ।

जाडो याममा प्रत्येक वर्ष मधेश प्रदेशमा मानवीय तथा विभिन्न क्षतिहरु हुदै आएको बताउदै मन्त्री साहले भने,' त्यसकारण हामीले यसको जोखिमबाट बच्न पूर्व तयारी थालेका छौ । त्यसकालागि सबै सरोकारवाला निकायहरुसँग पनि छलफल भएको छ । चाडै नै ठोस योजना बनाई त्यसको कार्यन्वयन गर्न मन्त्रालयका सचिवलाई निर्देशन दिएको छु ।'

चिसोबाट हुने सक्ने क्षतिको विषयमा सर्वसधारणलाई जनचेतना जगाउने, विपद् व्यस्थापन तथा जोखिम न्युनिकरणको क्षेत्रमा काम गर्ने जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा गैर सरकारी संघसँस्थासँग समन्वय गरिने र चिसो प्रभावित गरिव विपन्न वर्गमा न्यायो कपडादेखि राहतका समाग्री वित्तरण गर्ने लगायतका कार्यलाई प्राथमिकतामा राखेर योजना बनाउने तयारी भई रहेको गृह तथा संचार मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए ।


चिसोमा लागने हुस्सुको कारण हाईवेहरुमा सवारी दुर्घटना बढ्ने भएकोले सवारी साधनको निगरानी गर्न सुरक्षा निकायसँग समेत छलफल भएको सचिव महतोले बताए । त्यसैगरि, चिसो छल्न खास गरी ग्रामिण क्षेत्रमा लगाईने घुराले पनि आगलगि लगायतका घटनाहरु विगतमा हुने गरेकोले त्यसलाई न्युनिकरणमा लागि सर्वसधारणमा जनचेतना जगाउने उदेश्यले जनचेतनामुलक सुचना प्रकाशन प्रशारण गरिने उनले बताए ।

जाडोबाट प्रभावित हुने गरिव विपन्न वर्गमा राहतका लागि न्यानो कपडा, कमबलसहितका समाग्री वित्तरण गर्ने सम्मको योजनाहरु बनाईने सचिव महतोले बताए ।

# मल कारखाना स्थापना उच्च प्राथमिकतामा : मन्त्री साह

**टुडे समाचारदाता**

राजविराज । सप्तरी निर्वाचन क्षेत्र नं.१ का नव निर्वाचित प्रतिनिधिसभा सदस्य नवल किशोर साहले मुलुकभर रसायनिक मलको समस्यालाई मध्यनजर गर्दै सप्तरीमा कारखाना स्थापना प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् ।



मलखाद्यको अभावमा किसानले समस्या भोगिरहेका वेला जनता समाजवादी पार्टीका नेता तथा मधेश प्रदेशका सामाजिक विकास मन्त्री समेत रहेका साहले शुक्रवार संचारकर्मीहरु संगको कुराकानीमा यस्तो प्रतिबद्धता ब्यक्त गरेका छन् ।

सप्तरी र सिरहा खाद्यान्न उत्पादनमा अग्रणीय रहेपनि रसायनिक मलको अभावका कारण यहाँको कृषि क्षेत्र पिछडिदै गएका कारण रसायनिक मलको सहज उपलब्धता र व्यवस्थापन आवश्यक रहेको उनको भनाइ थियो । "मल कारखाना खोल्न सके ४/५ हजार भन्दा बढीलाई रोजगारीको समेत अवसर प्राप्त हुन्छ, उनले भने -'देश भरको मल अभाव समस्यालाई यसले ठूलो राहत पुऱ्याउने छ ।'

पञ्चायत काल देखि नै जनताले मलको हाहाकार भोग्नु परेको प्रसंग कोट्याउदै उनले परिवर्तनको अनुभुतिका लागी पनि मलको दिगो व्यवस्थापन हुनु जरुरी रहेको जिकिर दोहऱ्याए ।

सप्तरी जिल्लामा मात्रै ८१ हजार ६ सय ६८ हेक्टर जग्गा खेतीयोग्य छ । उक्त जग्गामा खेती गर्न वर्ष भरी कम्तीमा २३ हजार ८ सय ५७ मेट्रिक टन युरिया, १२ हजार ७ सय ८४ मेट्रिक टन डिएपी र ९ हजार २४ मेट्रिक टन पोटासको आवश्यकता रहेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवले बताए । तर समयमा मल खाद्य नपाउँदा प्रत्येक वर्ष किसानले खेतीका वेला समस्या भोग्दै आएका छन् ।

# विषाक्त खाना खुवाएकामा तीन लाख जरिवाना

चितवन । विषाक्त खान खुवाएको चितवन गार्डेन रिसोर्ट (सिजिआर) लाई रु तीन लाख जरिवाना गर्न अनुगमन समितिले प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गरेको छ । मङ्सिर २३ गते सिजिआरमा भएको विवाहका जन्तीले खाएको खानामा विषाक्त वस्तु भेटिएपछि होटललाई जरिवाना गर्न सिफारिस गरिएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी एवं बजार अनुगमन समिति चितवनका संयोजक चिरञ्जीवी शर्माको संयोजकत्वमा सरोकारवालासहित टोलीले अनुगमनपछि आज प्रतिवेदन प्रमुख जिल्ला अधिकारी अस्मान तामाङलाई बुझाएको हो ।

समितिले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६(२) अनुसार अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरी गुणस्तरहीन खाद्यवस्तु उत्पादन गरी सेवा प्रवाह गरेकाले सोही ऐनको दफा ३९ को १ (ख) अनुसार अधिकतम रु तीन लाख जरिवाना तिराउन प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गरेको छ ।

अनुगमन समितिले होटलले गरेको लापरबाहीपूर्ण कार्यका सात बुँदे कैफियतका आधारमा जरिवाना सिफारिस गरेको हो । अनुगमन समितिसमक्ष होटल सञ्चालकले सिल खोली दिन र सात दिनको समय दिन माग गरेको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताउनुभयो ।

गत मङ्सिर २३ गते नवलपुरको गैंडाकोट-१ का गणेश ढकाल र भरतपुर-१० की करिश्मा अधिकारीको सो होटलमा भएको एक विहे भोजमा सहभागी भएका दुवै पक्षका झण्डै तीन सय जना खाना खाएपछि बिरामी भएका थिए ।

भरतपुरको नेशनल सिटी अस्पतालमा झाडापखाला, वान्ता तथा रिङटा लागेर भर्ना भएका बिरामीबाट गरिएको नमूना परीक्षणमा उनीहरूले दिसामा पाइने इकोलाई भन्ने ब्याक्टेरिया पाइएको पुष्टि भएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताउनुभयो ।

होटलले खानामा गम्भीर लापरबाही गरेको पाइएको बताउँदै उहाँले दिसामा पाइने ब्याक्टेरिया नै भएको पुष्टि भएको बताउनुभयो । सहायक प्रमुख जिल्ला अधिकारी शर्माले नपाकेको खाना, दही, सलाद, पानीपुरी, अचार आदिमा त्यस्तो ब्याक्टेरिया भएको हुन सक्ने बताउनुभयो ।

समितिको प्रतिवेदनमा सलाद सफा गर्न प्रयोग गरिएको रसायन उपभोग्य मिति समाप्त भएको, ढोका तथा झ्यालमा जाली नभएको, झिङ्गा देखिएको, कामदारको सरसफाइको अवस्था सन्तोषजनक नभएको उल्लेख छ । यसैगरी भान्सा र भाँडा माइने ठाउँ एकै ठाउँमा रहेको, पिनट बटर र रसवरी उपभोग्य मिति समाप्त भएको र अभिलेख प्रणाली राम्रो नभएको उल्लेख छ ।रासस

# समानुपातिक सांसदले प्रमाणपत्र लिएपछि माओवादील दलको नेता चयन गर्ने

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदले प्रमाणपत्र लिएपछि मात्र संसदीय दलको नेता चयन गर्ने भएको छ । पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदको टुङ्गो लागिसकेको भए पनि समानुपातिक सांसद निर्वाचित भएको प्रमाणपत्र लिएपछि मात्र दलको नेता चयन गर्ने माओवादीको तयारी छ ।

माओवादीको पार्टी कार्यालयका मुख्यसचिव श्रीराम ढकालले अन्य दलमा जस्तो संसदीय दलको नेता चयनमा विवाद नभएको र समानुपातिकतर्फबाट निर्वाचित सांसदले आधिकारिक प्रमाणपत्र पनि नलिएको अवस्थामा दलको नेता चयनमा हतारो नगरिएको दाबी गर्नुभयो । निर्वाचन आयोगले यही पुस ३ गते प्रतिनिधिसभामा समानुपातिकतर्फका सांसदलाई निर्वाचित भएको प्रमाणपत्र दिने तयारी गरेको छ ।

संसदीय दलको नेतामा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नै चयन हुनेमा माओवादीभित्र एकमत रहेको उहाँको भनाइ छ । "पहिला निर्वाचन आयोगले आधिकारिक प्रमाणपत्र दिएपछि हामी दलको नेता चयन गर्छौं, उहाँले भन्नुभयो, "दलको नेता चयनलाई लिएर हाम्रो पार्टीभित्र कुनै विमति छैन ।रासस

# राष्ट्रिय मुद्दाका विषयमा दलबीच सम्झौता र सहमति आवश्यक : महासचिव गुरुङ

काठमाण्डु ।नेकपा (माओवादी केन्द्र) का महासचिव देव गुरुङले राजनीतिक स्वार्थलाई त्यागेर राष्ट्रिय मुद्दाको विषयमा दलबीच सम्झौता र सहमति आवश्यक रहेको बताउनुभएको छ ।



सञ्चार डबलीद्वारा शुक्रबार आयोजित हुम्ला जिल्लाबाट निर्वाचित प्रतिनिधिसभा सदस्यलाई बधाई तथा शुभकामना कार्यक्रममा उहाँले नयाँ दलको आगमनसँगै अरु दलका लागि चुनौती खडा भएकाले सबै दलले गम्भीरतापूर्वक सोच्न जरुरी रहेको बताउनुभयो । उहाँले राष्ट्रिय मुद्दाको विषयमा सम्झौता र सहमति गरी एकताबद्ध हुन आवश्यक रहेको उल्लेख गर्नुभयो । महासचिव गुरुङले हुम्ला जिल्लाको समग्र आर्थिक समुन्नतिका लागि कृषि, पशुपालन, जडीबुटीको सम्भावना उच्च रहेकाले पूर्वाधारको विकासमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य छिरिङ डम्डुल लामा (भोटे)ले दुर्गम जिल्ला हुम्लामा लुकेका पर्यटकीय गन्तव्यलाई पहिचान गरी पशुपालन, जडीबुटीलगायत जिल्लाको समग्र विकासका लागि जिम्मेवारी बहन गर्नेमा प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# मालिका केशरीलाई दिइयो आभाष उत्कृष्ट साहित्य पुरस्कार



काठमाण्डु । आभाष उत्कृष्ट साहित्य पुरस्कार, २०७८ साहित्यकार मालिका केशरी उपनामले परिचित प्रकाशकुमार श्रेष्ठलाई प्रदान गरिएको छ ।

आभाष पुरस्कार कोषले शुक्रबारआयोजना गरेको कार्यक्रममा केशरीको तिब्बती शरणार्थीको दर्दनाक अवस्थालाई चित्रण गरेर लेखिएको उपन्यास 'दुङाल'का लागि यो पुरस्कार दिइएको हो । रु दुई लाख नगद र सम्मानपत्रसहितको यो पुरस्कार आज राजधानीमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखेरलले केशरीका भाइ प्रवीणचन्द्र श्रेष्ठलाई दिनुभएको हो । लेखक पारिवारिक भेटघाटका सिलसिलामाअमेरिकारहनुभएकाले उहाँका भाइले पुरस्कार ग्रहण गर्नुभएको हो ।

सो अवसरमा अध्यक्ष पोखरेलले उपन्यासमा उठान भएको विषय मार्मिक रहेको बताउनुभयो । शरणार्थीलाई दमित गर्ने काम भइरहेको उल्लेख गर्नुहुँदै उहाँले परिचयपत्र उपलब्ध गराउन पनि हिच्किचाउन नहुने बताउनुभयो । घृणित अवस्थामा पनि प्रेम अङ्कुरण हुन्छ भन्ने देखाउन लेखक सफल हुनुभएको अध्यक्ष पोखरेलले सुनाउनुभयो ।

कोषका संयोजक उत्तम बस्नेतले भर्खर स्थापना भएको कोषले साहित्यकारलाई प्रोत्साहनस्वरूप पुरस्कार दिन थालेको बताउनुभयो । कोषले पहिलो पुरस्कार नै 'दुङाल'लाई दिएको उहाँले सुनाउनुभयो । आगामीवर्षमापनिसाहित्यकारलाई छनोट गरी पुरस्कार अर्पण गरिने कोषले जनाएको छ ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसाल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, समीक्षक राजकुमार बानियाँलगायतले प्रकृति, संस्कृति र प्रेमलाई उपन्यासकार केशरीले उपन्यासमा रोचक तरीकाले प्रस्तुत गरी पाठकको ध्यान तान्न सफल हुनुभएको बताउनुभएको थियो ।

साहित्यकार केशरीका यसअघि कविता सङ्ग्रह 'मिरमिरे' २०५८, र उपन्यासहरू 'पुरुत्थान' २०७२ र 'सुवर्णलता', २०७४ प्रकाशन भइसकेको छ । उहाँको अर्को उपन्यास पनि प्रकाशनको तयारीमा रहेको जनाइएको छ ।रासस

# 'एमालेले 'धोखा' दियो'

**टुडे समाचारदाता**

कलैया । जनता समाजवादी पार्टी नेपाल (जसपा)ले बारा क्षेत्र नम्बर २ को चुनावी समीक्षा गरेको छ । सो क्षेत्रबाट जसपाका कार्यकारिणी सदस्य रामसहाय यादव विजय भएका थिए ।



बाराको ४ नम्बर क्षेत्रमा बसेको समीक्षा बैठकमा एमालेबाट चुनावमा धोखा भएको निष्कर्ष निकालेको सो पार्टीका नेता रामसहाय यादवे बताए । दई पार्टीबीच गठबन्धन भएपनि एमालेले जसपालाई उल्लेख्य मत नदिएको गुनासो उनले गरे ।

'एमालेले मतदान गरेको भए अझै बढी मतले चुनाव जित्न सक्थैं, उनले भने, 'एमालेले धोका दियो नै तर आफ्नो पार्टीका कतिपय नेताले पनि धोखा दिएका छन् ।'

जसपाका नेता रामकिशोर यादव र कामेश्वर यादवले प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारी दिएका थिए भने शारदा शंकर साह कलवारले पनि स्वतन्त्र उम्मेदवारी दिएका थिए । त्यसले गर्दा एमालेका मतदाता विभाजित भएर पार्टीलाई असर गरेको निष्कर्ष बैठकले निकालेको छ ।

रामसहाय यादवले १३ हजार ८२२ मत ल्याएर चुनाव जितेका थिए भने उनका प्रतिद्वन्द्वी सत्ता गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार १३ हजार ४६८ मत ल्याएका थिए । सोही पार्टीबाट बागी भएर स्वतन्त्र उम्मेदवारी दिएका रामकिशोर यादवले ११ हजार ४३ मत ल्याएका थिए । समीक्षा बैठकले प्रतिवेदन तयार गरेर केन्द्रमा पठाउने नेता यादवले बताए ।

# पूर्वराष्ट्रपतिलाई डेढ वर्ष हिरासतमा राख्न आदेश

**सिन्ह्वा**

लिमा । पेरुको सर्वोच्च अदालतका न्यायाधीश जुआन कार्लोस चेक्लेले भूतपूर्व राष्ट्रपति पेड्रो कास्टिलोलाई डेढ वर्षसम्म हिरासतमा राख्न आदेश दिएका छन् ।



पूर्वराष्ट्रपति कास्टिलो र पूर्वप्रधानमन्त्री एनिबल टोरेसविरुद्धको अनुसन्धानलाई जारी राख्न अभियोजकको कार्यालयले डेढ वर्ष माग गरेको थियो तर टोरेसको हिरासत समयबारे केही उल्लेख नगरिएको पेरुको समाचार समिति एन्डिनाले जनाएको छ । कास्टिलोलाई कम्तीमा १० वर्षको कारावासको सजायको माग गरिएको छ ।

राज्यद्रोह र षड्यन्त्रको अभियोगमा गत साता पूर्वराष्ट्रपति कास्टिलोलाई पक्राउ गरिएको थियो । उनलाई पक्राउ गरेपछि देशभर आन्दोलनले अशान्ति फैलाएको छ । पूर्वराष्ट्रपतिका समर्थकले आयोजना गरेको आम हडताल र आन्दोलनका क्रममा १४ जनाको मृत्यु भएको छ भने कैयौँ प्रहरी र सर्वसाधारण घाइते भएका छन् । घाइते चालीस जनालाई अस्पताल भर्ना गरिएको छ ।

देशव्यापी आन्दोलनका कारण दैनिक दुई करोड ६० लाख अमेरिकी डलर बराबरको क्षति भएको अर्थ मन्त्रालयले जनाएको छ । राष्ट्रपति डिना बोल्वार्टेले आन्दोलनकारीलाई वार्तामा आउन आग्रह गर्दै शान्ति, सहमति र भ्रातृत्वका निम्ति आह्वान गर्नुभएको छ ।

आन्दोलनले उग्ररूप लिएपछि एक महिनाका लागि देशभर आपत्काल लागू गरिएको छ । राजधानी लिमामा 'कर्फ्यु' लगाइएको छ । आन्दोलनकारीले कास्टिलोलाई हिरासतमुक्त गर्नुपर्ने, राष्ट्रपतिबोल्वार्टेलेराजीनामादिनुपर्नेतथा तत्काल निर्वाचनको मिति तोकिनुपर्ने माग गरेका छन् ।

# इयु नेताहरूद्वारा रुस विरुद्ध नवौं प्रतिबन्ध प्याकेज अनुमोदन

**सिन्ह्वा**

ब्रसेल्स । युरोपेली नेताहरूले बिहीबार यहाँ आयोजित शिखर सम्मेलनपछि रुसविरुद्धको प्रतिबन्धको नवौं प्याकेजलाई अनुमोदन गरेको छ।

युरोपेली परिषद्ले शिखर सम्मेलनको अन्तिम घोषणामा नेताहरूले रुसमाथि सैन्य कारबाही अन्त्य गर्न र युक्रेनबाट आफ्ना सेना फिर्ता गर्न सामूहिक दबाब कसरी बढाउने भन्ने विषयमा छलफल गरेको बताएको छ।

उनीहरूले रूस विरुद्ध युरोपेली सङ्घको प्रतिबन्धात्मक उपायहरू बारे तप छलफल गरेका छन् । इयुको प्रतिबन्धात्मक उपायहरूको नवौं प्याकेज र अन्तरराष्ट्रिय तेल मूल्य क्याप लगायत विषयमा गहिरो छलफल भएको छ ।

युक्रेनलाई मद्दत गर्नको लागि १८-बिलियन-यूरो (१९.१ बिलियन अमेरिकी डलर) को आर्थिक सहायता प्याकेज पनि एजेन्डामा थियो तर नेताहरूले यो विषयलाई अनुमोदन भने गरिएको छैन्।

"युरोपियन युनियन प्रतिबन्धलाई थप बलियो बनाउँन तयार छ। युरोपेली परिषदले प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने र छलछाम रोक्न र यसको सहजीकरणको महत्त्वलाई जोड दिनेछ," नेताहरूले सम्मेलनपछि बताएका छन् ।

## पूर्वी फ्रान्सको लियोन नजिकै आगलागी हुँदा १० जनाको मृत्यु

**एएफपी**

लियोन । पूर्वी फ्रान्सेली शहर लियोनको एक उपनगरस्थित साततले अपार्टमेन्ट भवनमा राति आगलागी हुँदा पाँच बालबालिकासहित १० जनाको मृत्यु भएको स्थानीय सरकारले शुक्रबार जनाएको छ।

आगलागीको कारण अझै स्पष्ट हुन सकेको छैन ।

भोल्क्स-एन-भेलिनमा बिहान ३:०० बजेपछि आगलागी भएको थियो। सो दुर्घटनामा अन्य १४ जना घाइते भएका छन् जसमध्ये एकको अवस्था गम्भीर छ ।

भवनको भुइँ तल्लामा फैलिएको र माथितिर फैलिएको आगो निभाउने क्रममा दुई जना अग्निनियन्त्रकलाई सामान्य चोट लागेको पनि बताइएको छ ।

# अमेरिकी राष्ट्रपतिद्वारा अफ्रिकी राष्ट्रको भ्रमण गर्ने घोषणा

**एपी**

वासिङ्टन । राष्ट्रपति जो बाइडेनले आगामी वर्ष अफ्रिकी राष्ट्रहरूको भ्रमण गर्ने घोषणा गर्नुभएको छ । यहाँ आयोजित अमेरिकी-अफ्रिकी नेताहरूको शिखर सम्मेलनलाई समापन गर्दै उहाँले उक्त घोषणा गर्नुभएको हो ।



राष्ट्रपतिले भ्रमणको घोषणा गरेपनि त्यसलाई औपचारिक भ्रमणसूचीमा समावेश गरिएको छैन । विकासको पथमा अग्रसर भइरहेको अफ्रिकी महादेशप्रति आफ्नो ध्यान केन्द्रित रहेको बताउँदै उहाँले अफ्रिकी राष्ट्रहरूलाई सक्दो सहयोग गर्ने दृढता पनि व्यक्त गर्नुभयो । दश वर्ष यता अमेरिकी राष्ट्रपतिबाट अफ्रिकाको औपचारिक भ्रमण भएको छैन । आगामी वर्ष राष्ट्रपतिबाट निजी भ्रमण हुनसक्नेछ । उहाँले सम्मेलनमा सहभागी ४९ देशका सरकार वा राष्ट्रप्रमुखसमक्ष भ्रमण गर्ने प्रतिबद्धता जनाउनुभएको हो ।

अमेरिकाको तुलनामा चीनले अफ्रिकी देशहरूमा अधिक व्यापार गरिरहेको तथा सैन्य उपस्थिति पनि बढाउने प्रयास गरिरहेका बेला अफ्रिकी नेतासँग बाइडेन प्रशासनले शिखर सम्मेलन आयोजना गरेको हो । अफ्रिकी राष्ट्रहरूसँग अमेरिकी सम्बन्ध विस्तार गर्ने उद्देश्यले सन् २०१४ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाले अफ्रिकी नेताहरूको शिखर सम्मेलन आयोजना गर्नुभएको थियो । उक्त सम्मेलन सोही उद्देश्य प्राप्तिका निम्ति राष्ट्रपति बाइडेनले यो वर्ष आयोजना गर्नुभएको हो । विश्वका शक्ति राष्ट्रहरूका लागि अफ्रिकी मुलुकहरू प्राकृतिक स्रोतका साथै संयुक्त राष्ट्रसङ्घमा मत प्राप्त गर्न महत्वपूर्ण मानिन्छन् ।

टर्की र चीनका लगानीकर्ताले नाइजरमा लगानी बढाइरहेका बेला अमेरिकाले पनि त्यसो गर्नसक्ने नाइजरका राष्ट्रपति मोहम्मद बजुमले बताउनुभएको छ।

अमेरिकी राष्ट्रपतिले अफ्रिकी सङ्घलाई विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च 'जी ट्वेन्टी'को स्थायी सदस्य बनाउन अमेरिकाको समर्थन रहने औपचारिक घोषणा गर्नुभएको छ । साथै उहाँले अफ्रिका महादेशको खाद्य सुरक्षाका निम्ति दुई अर्ब अमेरिकी डलर खर्च गर्ने योजनाबारे जानकारी पनि दिनुभएको छ । उहाँले अफ्रिकी राष्ट्रहरूमा आगामी वर्ष हुने आम निर्वाचनलाई शान्तिपूर्ण एवम् पारदर्शी तुल्याउन १६ करोड ५० लाख डलर सहयोग गर्ने घोषणा पनि गर्नुभएको छ ।

# आतङ्कवादविरुद्धका मुद्दालाई राजनीतिकरण गर्न नहुनेमा चीनको जोड

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । चीनले आतङ्कवादविरुद्धका मुद्दालाई राजनीतिकरण गर्न नहुनेमा चीनको जोड दिएको छ। संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले सुरक्षा परिषद्को बैठकमा आतङ्कवादविरुद्धका विषयमा हुने राजनीतिकरणको चीन विरोध गर्छ भन्नुभयो ।



चिनियाँ राजदूतले आतङ्कवाद विरोधी मुद्दाको राजनीतिकरण,दोहोरो मापदण्ड र चयनात्मक दृष्टिकोणको विपक्षमा आफ्नो देश रहेको बताउँदै विश्वव्यापी चुनौती बनेको आतङ्कवादलाई परास्त गर्न कुनै एक देश सक्षम नभएकाले त्यसविरुद्ध सबै राष्ट्र एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो । विश्वको सुरक्षा सबैको साझा चासोको विषय भएकाले महासभा र सुरक्षा परिषद्का सबै आतङ्कवाद विरोधी प्रस्तावलाई कार्यान्वयन गर्न तथा सुरक्षा परिषदद्वारा सूचीकृत सबै आतङ्कवादी संगठन र व्यक्तिलाई कारबाही गर्नु सामूहिक दायित्व भएको उहाँले बताउनुभयो । हालैका वर्षमा केही देशले आतङ्कवादका मुद्दामा समर्थन गरेकामा खेद प्रकट गर्दै चिनियाँ राजदूतले त्यस्ता गतिविधिले आफूलाई मात्र नभई समग्र विश्वव्यापी आतङ्कवादविरुद्धका सहयोगलाई कमजोर बनाउने बताउनुभयो ।

उहाँले आतङ्कवादको साझा जोखिम सामना गर्दा सबै पक्षले भूराजनीतिक हिसाबकिताब राख्न नहुने, वैचारिक पूर्वाग्रह त्यागेर, न्यायिक एवम् व्यावहारिक ढङ्गले आतङ्कवाद विरोधी सहयोगलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। साथै उहाँले प्रतिआतङ्कवादका काममा राष्ट्रसङ्घको केन्द्रीय समन्वयकारी भूमिकालाई सबैले समर्थन गर्नुपर्नेमा जोड दिनुभयो ।

# क्वालालम्पुरमा पहिरामा परी २ जनाको मृत्यु, ५१ बेपत्ता

**एएनआई**

क्वालालम्पुर । मलेसियाको राजधानी क्वालालम्पुरस्थित शिविरमा पहिरोमा परी दुई जनाको मृत्यु भएको छ भने ५१ जना बेपत्ता भएका छन् ।

स्थानीय प्रहरीका अनुसार बिहान ७ बजेसम्म ५१ जना बेपत्ता रहेको र उद्धारको प्रयास भइरहेको छ । यसैबीच न्यु स्ट्रेट टाइम्सले पहिरो जाने समयमा त्यस शिविरमा ७९ जना मानिस रहेको उल्लेख गरेको छ।

अग्नि तथा उद्धार विभागले २३ जना पहिरोबाट जोगिएको र तीन जना घाइते भएको बताएको छ ।

"अग्निशामक विभाग र स्वैच्छिक फायर एसोसिएसन, निजी फायर डिपार्टमेन्ट, प्रहरी, मलेशियन सिभिल डिफेन्स फोर्स, स्वास्थ्य मन्त्रालय र स्मार्ट टोली जस्ता अन्य निकायहरूको सहयोगमा खोजी र उद्धार प्रयास जारी रहेको बताइएको छ ।

# दक्षिण अफ्रिकाका रामाफोसाको नेतृत्व दोहोरिने सङ्केत

**एएफपी**

जोहानेसबर्ग । दक्षिण अफ्रिकाको सत्तारुढ दलले सिरिल रामाफोसालाई पुनः नेतामा निर्वाचित गर्ने तयारी गरेको छ ।

अफ्रिकी राष्ट्रिय काङ्ग्रेस (एएनसी) का करिब चार हजार ५०० प्रतिनिधिहरू चम्किलो पहेँलो र हरियो टिसर्ट लगाएर जोहानेसबर्ग नजिकैको एक कार्यक्रमस्थलमा भेला भएका छन् जहाँ उनीहरूले शनिबार नयाँ नेताका लागि मतदान गर्नेछन् ।

रामाफोसाले एएनसीको बागडोर सम्हाल्ने प्रयास गरिरहनुभएको छ किनभने २८ वर्ष सत्तामा रहेपछि पार्टी विभाजन र घट्दो समर्थनसँग जुधिरहेको छ ।

रामाफोसाले सन् २०१७ मा एएनसीका पूर्ववर्ती प्रमुख ज्याकोब जुमा भ्रष्टाचारमा मुछिएपछि एएनसीको नियन्त्रण लिनुभएको थियो ।

संसद्मा पार्टीको बहुमत आएमा दलको राष्ट्रिय अध्यक्षलाई अनुमोदन गर्ने प्रक्रियामा पनि सहजता मिल्नेछ । तर रामाफोसाको स्वच्छ छविलाई उहाँको खेतमा लुकाइएको ठूलो नगद चोरी आरोपले प्रभावित बनाएको छ ।

सम्मेलन निर्धारित समयभन्दा केही घण्टा ढिला सुरु भएको थियो, तर पार्टीका एक पदाधिकारीले भने, ' कार्यक्रम ढिला सुरू भए पनि मतदान समयमै हुनेछ र अबको करिब पाँच घण्टापछि नतिजा सार्वजनिक गरिनेछ ।"

एएनसीका सदस्य ३७ वर्षीय तुमी मोगोतलालेरामाफोसा दोस्रो कार्यकालको हकदार भएको विश्वास गर्छन् ।

"मेरो चाहना रामाफोसाले फेरि जितून् भन्ने हो । उनी नै देशमा भ्रष्टाचार निवारण गर्ने सबैभन्दा राम्रो व्यक्ति हुन्," एएनसीको झण्डाको छेउमा सेतो रङको शर्ट र टोपीलगाएका मोगोटलाले भन्नुभयो ।


लोडसेडिङको मार खेपेका अफ्रिकीहरू रामाफोसाप्रति भएका र उनको ठाउँमा अर्को व्यक्ति (जुमा) नै आउनुपर्ने नेतृत्व परिवर्तन गर्नुपर्ने ५२ वर्षीय न्टोमबिकिसे शबालालाले बताउनुभयो ।

"हामीलाई बलियो नेतृत्व चाहिएको छ," उहाँले एएफपीसँग भन्नुभयो । सम्मेलन स्थलबाहिर प्रतिनिधिहरूको एक समूहले फार्मगेट काण्डका कारण रामाफोसाले राष्ट्रपति पद छोड्नुपर्छ भन्ने नारा लगाएका थिए ।

# पाकिस्तान सुपर लिगमा १० देशका ३६ विदेशीले खेल्ने, नेपाली खेलाडी बिकेनन्

**टुडे समाचारदाता**

काठमाण्डु । सन् २०२२ को एसिया कप विजेता श्रीलंकाका वानिन्दु हसरंगा र भानुका राजापाक्षेसहित इङ्ल्यान्डका आदिल राशिद, अष्ट्रेलियाका म्याथ्यु वेड, न्यूजिल्याण्डका अलराउन्डर जिमी निशाम र दक्षिण अफ्रिकाका ताब्राजिज शामसीले पाकिस्तान सुपर लिगमा डेब्यु गर्ने भएका छन्।




आगामी फेब्रुअरी १३ देखि मार्च १९ सम्म चार शहरमा हुने पाकिस्तान सुपर लिगका लागि बिहीबार ड्राफ्टबाट विभिन्न टोली खेलाडी भित्र्याएका छन्।

हसरंगालाई सन् २०१९ च्याम्पियन क्वेटा ग्लेडिएटर्सले लिएको छ भने सन् २०१७ को विजेता पेशावर जाल्मीले राजापाक्षेलाई आफ्नो टिममा अनुबन्ध गरेको छ। वेडलाई २०२० च्याम्पियन कराँची किंग्सले छनोट गरेको छ। यी तीनै जनालाई प्लाटिनयम विधामा छनोट गरिएको हो।

२०२१ र २०२२ को टी-२० विश्वकपका लागि न्युजिल्यान्डको टोलीमा रहेका निशमले जाल्मीबाट खेल्ने भएका छन्।

मुल्तान सुल्तानले आदिल रशिदलाई टोलीमा राख्दा इमरान ताहिर र ताबरिज शाम्सीलाई कराँची किंग्सले टोलीमा छनोट गरेको छ । तीनै खेलाडीलाई पूरक राउण्डबाट छनोट गरिएको थियो।

यस्तै पाकिस्तान जुनियर लिगमा उत्कृष्ट प्रदर्शन गरेका तीन किशोरहरूलाई पनि तीन फरक फ्रान्चाइजीहरूले छानेका छन् ।

मर्दान वारियर्सका एमल खान क्वेटा ग्लाडिएटर्सले, ग्वादर शार्क्सका अराफात मिन्हासलाई मुल्तान सुल्तान्सले र बहावलपुर रोयल्सका शावाइज इरफानलाई लाहोर कलन्दर्सले छनोट गरेको थियो । ड्राफ्टमा १० खेल्ने देशका ३६ विदेशी खेलाडी छनोट भएका छन् । जसमा इङ्ल्यान्डका १०, अफगानिस्तानका ५, न्युजिल्यान्ड, वेस्ट इन्डिज र दक्षिण अफ्रिकाका ४-४, अष्ट्रेलियाका ३, आयरल्याण्ड र श्रीलंकाका २-२, नामिबिया र जिम्बाब्वेका १-१ खेलाडी ड्राफ्टबाट छानिएका छन्।

ड्राफ्टमा परेका ३ नेपाली खेलाडीलाई भने कुनै पनि टोलीले राखेनन्। नेपालबाट सोमपाल कामी, ओपनर अर्जुन साउद र सरद भेसवारले ड्राफ्टमा नाम दर्ता गराएका थिए।

# पोर्चुगलका प्रशिक्षक सान्तोस बर्खास्त

**एजेन्सी**

काठमाण्डु । राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक फर्नान्डो सान्तोसलाई पोर्चुगल फुटबल महासंघले बर्खास्त गरेको छ।




कतारमा जारी फिफा विश्वकपको क्वाटरफाइनलमा मोरक्कोसँग पराजयसँगै पोर्चुगल बाहिरिएको थियो।

पछिल्लो दुई खेलमा कप्तान क्रिस्टियानो रोनाल्डोलाई बेन्चमा राखेपछि सान्तोस निकै चर्चामा थिए। स्वीट्जरल्यान्ड विरूद्ध जित हासिल गरे पनि मोरक्कोविरुद्ध हार बेहोरेपछि उनको चर्को आलोचना भएको थियो।

६८ वर्षिय सान्तोसले ८ वर्ष पोर्चुगल राष्ट्रिय टोली सम्हालेका थिए। सन् २०१६ मा उनले पोर्चुगललाई युरो च्याम्पियन बनाए।

यद्यपि उनको अन्तिम खेलमा क्रिस्टियानो रोनाल्डोलाई बेन्चमा राख्नुनै प्रशिक्षकबाट हट्नुको प्रमुख कारण बन्यो । यद्दपी सान्तोसले खेलपछि बोल्दै रोनाल्डोलाई नखेलाउने निर्णय गलत नभएको र राजीनामा पनि नदिने बताएका थिए। सन् २०२४ मा हुने युरोपेली च्याम्पियनसिप सम्मका लागि सम्झौतामा रहेका सान्तोसले राजीनामा दिनुपर्ने अवस्था नरहेको बताएका थिए।

पोर्चुगिज फुटबल संघले ८ वर्षसम्म टोली सम्हालेकोमा उनलाई धन्यवाद दिएको छ।

'एफपीएफ फर्नान्डो सान्तोस र उनको प्राविधिक टोलीलाई आठ अद्वितीय वर्षमा प्रदान गरिएको सेवाहरूको लागि धन्यवाद दिन्छ र यो धन्यवाद पोर्चुगल जनताको तर्फबाट भएको विश्वास दिलाउन चाहन्छ,' पोर्चुगिज फुटबल संघले भनेको छ।

अब चाडै नै पोर्चुगिज फुटबल संघले अर्को राष्ट्रिय प्रशिक्षक छनोटको प्रक्रिया सुरू गर्ने भएको छ।

# प्लेअर टू वाच : लियोनल मेस्सी




**एजेन्सी**

काठमाण्डु । कतार विश्वकपका गोल्डेन बुटका दावेदार खेलाडी हुन् लियोनल मेस्सी । उनले यो विश्वकपमा ६ खेल खेल्दै ५ गोल र ३ असिस्ट उपलब्ध गराएका छन् । विश्वकपमा अर्जेन्टिनालाई फाइनल पुर्याउन महत्वपूर्ण भूमिका खेल्ने उनले टिमका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । मेस्सी फाइनलमा फ्रान्सलाई हराउँदै उपाधि उचाल्ने दाउमा छन् ।

सन् २०१४ मा विश्वकपको फाइनलमा जर्मनीसँग पराजित हुँदै अर्जेन्टिनाले उपाधि उचाल्न सकेन । मेस्सीले सात वर्षपछि कोपा अमेरिका जितेर ठुलो सान्त्वना प्राप्त गरे । राष्ट्रिय टोलीबाट मेस्सीको त्यो पहिलो उपाधि थियो ।

मेस्सी अहिले पनि विश्वकप उपाधिको नजिक छन् । सम्भवतः मेस्सीका लागि यो अन्तिम र विशेष विश्वकप हुनसक्छ । मेस्सीको पछिल्लो फर्मलाई हेर्दा उनी उत्कृष्ट खेलाडीको पक्षबाट कुनै रूपमा कम छैनन् । उनको असिस्ट गर्ने क्षमता र बललाई खेलाउने क्षमता अझै पनि युवा अवस्थाको जस्तै छ ।

मेस्सीले अर्जेन्टिनाका लागि सन् २००५ देखि अर्जेन्टिनाका लागि १७१ खेल खेलेर ९६ गोल गरेका छन् ।



महोत्तरी जिल्लाको मुल भन्सार कार्यालय जलेश्वरमा भन्सार शुल्क बुझाउन लामबद्ध र प्रतिक्षामा रहेको भारतीय मालवाहक गाडीहरू। *तस्बिर : रासस*

# 'नेपाली उत्पादनले बजारको माग धान्न सकेको छैन'

काठमाण्डु । नेपाल हस्तकला महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले नेपालमा उत्पादित हस्तकलाका सामग्रीले बजारको माग धान्न नसकेको बताउनुभएको छ । उहाँका अनुसार विश्व बजारमा नेपाली हस्तकलाको राम्रो माग रहेकाले यहाँ उत्पादित वार्षिक रु १२ अर्बका हस्तकलाका सामग्री निर्यात हुनाका साथै नेपाली बजारमासमेत यस्ता सामग्रीको माग बढ्दो छ ।

अध्यक्ष शाक्यले भन्नुभयो, "हातले बनाएका सामग्रीमध्ये फेल्टबाट उत्पादित सामग्री राम्रो र सस्तो पनि हुन्छ ।'

हस्तकलाका लागि आवश्यक कच्चापदार्थ भारत, चीन, स्वीडजरल्याण्ड, दुबईलगायत देशबाट आयात हुने गरेको छ । उत्पादित यस्ता सामानको माग स्वदेशभन्दा विदेशमा राम्रो रहेको अध्यक्ष शाक्यले बताउनुभयो।

विदेशी पर्यटक घुम्न आउँदा हस्तकलाको सामान बढी खरिद गर्ने गरेको पाइन्छ । हालै सम्पन्न एक हस्तकला व्यापार मेलामा सहभागी हुनुभएकी फिनल्यान्डकी पर्यटक रुट भाराले नेपालको सामान राम्रो र गुणस्तरीय भएका कारण आफूलाई

**विदेशी पर्यटक घुम्न आउँदा हस्तकलाको सामान बढी खरिद गर्ने गरेको पाइन्छ । हालै सम्पन्न एक हस्तकला व्यापार मेलामा सहभागी हुनुभएकी फिनल्यान्डकी पर्यटक रुट भाराले नेपालको सामान राम्रो र गुणस्तरीय भएका कारण आफूलाई धेरै मनपर्ने बताउनुभयो ।**

मात्र वार्षिक रु पाँच अर्बभन्दा माथिको कारोबार हुने गरेको छ । त्यसैगरी पश्मिना, हातेकागज, काष्ठकलालगायत सामग्रीको व्यापार पनि बढी हुने गरेको छ ।'

हस्तकलाको सामान उत्पादनमा महिलाको सहभागिता ८० प्रतिशतभन्दा बढी छ । यस्ता समान बनाएरै परिवार चलाउँदै आउनुभएकी दाङकी राजकुमारी चौधरीले भन्नुभयो, "टोकरी, गमला, पूजादानी, चकटीलगायत सामान बनाउने गरेको छु । सुरुवाती चरणको व्यवसाय भए पनि व्यापार सन्तोषजनक हुनाका साथै घर खर्च पनि चलेको छ ।'

त्यस्तै कटनबाट उत्पादित सामग्रीको व्यापार गर्नुहुने ललितपुरकी हसना महर्जनले भन्नुभयो, "नेपाली उत्पादन बलियो धेरै मनपर्ने बताउनुभयो ।

सोही मेलमा पश्मिनाको सामान खरिद गर्नुभएकी फिनल्याण्डकी टेरी तेरिस्कोनटीले भन्नुभयो, 'हातबाट बनाइएका सामग्री भरपर्दो, सुन्दर र मूल्य पनि सन्तोषजनक हुने भएकाले स्वदेश फर्किदा पनि नेपाली सामान नै खरिद गरेर लैजान्छु ।'

हस्तकलाका सामान नेपालमै कम उत्पादन हुने भएकाले मागअनुसार निर्यात गर्न नसकिएको अध्यक्ष शाक्यको भनाइ थियो । देशमा दक्षजनशक्ति कम हुँदा स्थानीयस्तरमा उत्पादित सामग्रीसमेत खेर गइरहेको बताउँदै उहाँले सरकाले तालिमको व्यवस्था गरे रोजगारका लागि विदेश धाउन नपर्ने र स्वदेशी उत्पादनले नै विदेशी मुद्रा भित्रिने उल्लेख गर्नुभयो ।रासस

# पाँच महिनामा बजेट खर्च २४ प्रतिशत, पुँजीगत खर्च नौ प्रतिशत मात्रै

काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा सरकारको बजेट खर्च २४ दशमलव २६ प्रतिशत बराबर देखिएको छ ।

चालु आवका लागि सरकारले कूल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो । जसमध्ये मङ्सिर मसान्तसम्ममा रु चार खर्ब ३५ अर्ब २१ करोड ११ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

यस अवधिमा सरकारको पुँजीगत खर्च करिब नौ प्रतिशत बराबर मात्रै देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार मङ्सिर मसान्तसम्ममा सङ्घीय सरकारको पुँजीगत खर्च रु ३३ अर्ब ९९ करोड १६ लाख बराबर छ ।

चालु आर्थिक वर्षका लागि सरकारले पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बजाबर बजेट छुट्याएको छ । हालसम्मको पुँजीगत खर्च आठ दशमलव ९४ प्रतिशत बराबर हो ।

त्यस्तै चालु शीर्षकमा विनियोजित कूल रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेटमध्ये हालसम्म २९ दशमलव ९४ प्रतिशत खर्च भएको छ । जुन रु तीन खर्ब ५४ अर्ब २५ करोड ६९ लाख बराबर हो ।

वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बजेट छुट्याइएकामा मङ्सिर मसान्तसम्ममा रु ४६ अर्ब ९६ करोड २६ लाख बराबर खर्च भएको छ । जुन खर्च वित्तीय व्यवस्था शीर्षकमा विनियोजित बजेटको २० दशमलव चार प्रतिशत बराबर हो । यसरी हेर्दा हालसम्म सरकारको पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थापन शीर्षकमा भएको खर्च बढी देखिएको छ ।

यही अवधिमा सरकारको राजस्व सङ्कलन २४ दशमलव ५२ प्रतिशत बराबर रहेको छ । चालु आर्थिक वर्षका लागि कूल रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख आन्तरिक राजस्व उठाउने र रु ५५ अर्ब ४५ लाख ८३ करोड वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेको छ । रासस

# प्रसारण लाइन निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न सुरु

जाजरकोट । डोल्पाको जगदुल्ला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा जोड्नका लागि विस्तृत अध्ययन सुरु गरिएको छ ।

जगदुल्ला जलविद्युत् कम्पनी लिमिटेड र उद्धय जेभीको बीचमा प्रसारण लाइन निर्माण गर्न अध्ययन गर्ने सम्झौता भएको छ ।

डोल्पाको इलबाट उत्पादन भएको विद्युत् रुकुमपश्चिमको बाफिकोटस्थित नेपाल विद्युत् प्राधिकरणको सबस्टेशनमा जोड्नका लागि अध्ययन गर्न लागिएको हो । उद्धय जेभीसँग भएको उक्त सम्झौता भएसँगै अध्ययनको काम केही दिनमै सुरु गर्न लागिएको कम्पनीका प्रबन्ध निर्देशक प्रकाश अधिकारीले जानकारी दिनुभयो । जगदुल्लाबाट एक सय छ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ । अघिल्लो वर्षमात्र विद्युत् खरिद, बिक्रीको काम आयोजनाले प्राधिकरणसँग गरिसकेको थियो ।

अर्ध जलाशययुक्त रहेको जगदुल्ला जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने उद्देश्य रहेको प्रोजेक्ट म्यानेजर सञ्जय सापकोटाले बताउनुभयो । आयोजनाले अहिलेसम्म आयोजनास्थलको मुआब्जा दिइसकेको छ । संरचना निर्माणका लागि काम चलिरहेको छ । त्यस्तै जगदुल्ला जलविद्युत् आयोजना ८२.३ मेगावाटको वातावरणीय प्रभाव अध्ययन गर्न बिहीबार नै श्रेष्ठ ग्रेट जेभीसँग सम्झौता भएको छ ।

यो जगदुल्ला जलविद्युत् आयोजनाले बनाउन लागेको अर्को आयोजना रहेको छ । आयोजना निर्माणस्थलमा जान र आउनका लागि तीन जिल्लाको सङ्गमस्थल भेरी करिडोरको त्रिवेणीस्थित भेरी नदीमाथि पुल निर्माण सुरु गरिएको छ ।

त्यस्तै सडक निर्माणलाई समेत तीव्रता दिइएको छ । त्रिवेणीबाट विद्युत् उत्पादनगृह रहेको इलसम्म जान र आउनका लागि सडक निर्माणसमेत सुरु गरिएको सापकोटाले जानकारी दिनुभयो । रासस

# कोदोखेती प्रबर्द्धनका लागि 'इन्टरनेशनल इयर अफ मिलेट्स-२०२३'

काठमाण्डु । काठमाण्डुस्थित भारतीय राजदूतावासले बिहीबार कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरणको सहकार्यमा 'इन्टरनेशनल इयर अफ मिलेट्स-२०२३' को सुरुवाती कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा भारतीय कृषि अनुसन्धान परिषद् र नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले सहभागिता जनाउनुभएको थियो ।

भेलामा दूतावासका नियोग प्रमुख प्रसन्न श्रीवास्तवले विश्वमा खाद्य सुरक्षा सुनिश्चित गर्न कोदोको विशेष महत्व रहेको चर्चा गर्नुभयो । प्राधिकरणका निर्देशक डा तरुण बजाजले अन्तर्राष्ट्रिय कोदो वर्ष २०२३ का लागि प्राधिकरणले गरेको निर्यात प्रवर्द्धन र क्षमता अभिवृद्धि प्रयासको बारेमा विस्तृत जानकारी दिनुभएको थियो ।

भारत सरकारको प्रस्ताव संयुक्त राष्ट्र सङ्घबाट पारित भएपछि सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदो वर्षका रुपमा मनाइने भएको हो । भारत सरकारले सन् २०२१ मा गरेको उक्त प्रस्तावमा विभिन्न ७२ देशले समर्थन गरेका थिए ।

भारत विश्वमै सबैभन्दा धेरै कोदो उत्पादन गर्ने देश हो । भारतमा विभिन्न नौ प्रजातिका कोदो उत्पादन गर्दै आएको छ । भारतमा वार्षिक करिब १७ मिलियन टन कोदो उत्पादन हुन्छ । जुन विश्वको कुल उत्पादनको २० प्रतिशत हो ।




कोदो स्वास्थ्यका दृष्टिकोणले पनि राम्रो मानिन्छ । कोदोमा विभिन्न पौष्टिक तत्व पाइन्छन् । कोदो पर्याप्त पानी नपाइने सुख्खा जमिनमा, कम वर्षा हुने स्थानमा पनि सहजै फल्छ र मौसम परिवर्तनले पनि खासै प्रभाव नपार्ने बालीमा पर्छ । मुलुकको आत्मनिर्भरता बढाउन तथा आयातित अनाज/अन्नमा निर्भरता कम गर्न कोदोको भूमिका प्रभावकारी हुने खाद्य तथा कृषि संगठनको ठम्याइ छ ।

कृषिमा भारत-नेपालबीचको सहकार्यलाई निरन्तरता दिँदै भारतीय राजदूतावासले सन् २०२३ को वर्षभरि नै विभिन्न गतिविधि तथा कार्यक्रममार्फत् कोदोको प्रबर्द्धन गर्ने जनाएको छ ।

भारत-नेपाल कृषि सहकार्य सन् २०१८ मा सुरुवात गरिएको थियो । विशेष गरी कृषि अनुसन्धान, विकास र शिक्षा सम्बन्धी सहयोगात्मक परियोजनामा केन्द्रित 'कृषिमा भारत-नेपाल नयाँ साझेदारी'मा आधारित छ । भारत र नेपाल कोदोलगायतका विभिन्न कृषि उत्पादनका लागि एकअर्काका महत्वपूर्ण व्यापारिक साझेदार हुन् ।रासस

# शिवम् सिमेन्ट 'बेस्ट म्यानेज्ड कम्पनी अफ द एयर'बाट सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । शिवम् सिमेन्ट लिमिटेडले बेस्ट म्यानेज्ड कम्पनी अफ द एयर २०२२ अवार्ड प्राप्त गरेको छ ।

शिवम् सिमेन्ट लिमिटेडलाई न्यू बिजनेश एज प्रालिले सातौं न्यू बिजनेस कन्क्लेभ एण्ड अवार्ड अन्तर्गत काठमाडौंमा आयोजना गरेको सातौं न्यू बिजबिजनेस कन्क्लेभ एण्ड अवार्ड २०२२ कार्यक्रममा विभिन्न फरक फरक सात ओटा संस्थागत विधामा दिइएको उक्त अवार्डहरु मध्ये शिवम् सिमेन्ट लिमिटेडले बेस्ट म्यानेज्ड कम्पनीअफ द एयर प्राप्त गर्न सफल भएको छ ।

यसभन्दा पहिला पनि शिवम् सिमेन्ट सिमेन्ट जगतमै पहिलो पटक एन.एस क्वालिटी अवार्ड-२०१९ प्रथमबाट सम्मानित भइसकेको छ । ५३




ग्रेड तथा ४३ ग्रेडको ओ.पि.सि. सिमेन्ट उत्पादनतथा विक्रि वितरण गर्दै आइरहेको शिवम् ओ.पि.सि. सिमेन्ट देशका राष्ट्रिय गौरवका योजना तथा अन्यठुला-ठुला परियोजनाहरुमा साथै अनेकौं संरचना निर्माणमा समेत शिवम् सिमेन्टले विगत लामो समय देखि महत्वपूर्ण भूमिका निर्वाहगर्दै आइरहेको छ ।

नेपालको हेटौंडामा स्थापित यस सिमेन्ट उद्योगले अत्याधुनिक जर्मन प्रविधि युक्त प्लान्टबाट आफ्नै चुनढुङ्गाको प्रयोग गरी उच्च गुणस्तरको क्लिंकर र ४३ तथा ५३ ग्रेडको शिवम् सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ ।

# विदेश पुग्छ टोखाको चाकु

काठमाण्डु । माघे सङ्क्रान्ति आउन केही समय बाँकी रहँदा काठमाडौंको उत्तरी क्षेत्र टोखाका उद्योगीलाई चाकु बनाउन भ्याइनभ्याइ भएको छ । माघे सङ्क्रान्तिमा चाकु खाने प्रचलनसँगै टोखा नगरपालिका वडा नं २ र ३ मा सञ्चालित १४ उद्योगलाई यतिबेला चाकु बनाउन भ्याइनभ्याइ भएको हो ।

टोखामा उत्पादन भएको चाकु काठमाडौं उपत्यकामा असन, इन्द्रचोक, भक्तपुर, पाटन, कीर्तिपुर र उपत्यका बाहिरको नारायणघाट, पोखरा, बुटवल, विराटनगरलगायतका सहरमा पनि बिक्री हुँदै आएको छ । टोखा परम्परागत चाकु संरक्षण समाजका अध्यक्ष कृष्ण श्रेष्ठका अनुसार यहाँ उत्पादित चाकु जापान र अष्ट्रेलियालगायतका देशमा समेत उत्तिकै माग छ ।

नेवारी भाषामा 'टु' को अर्थ उखु, 'ख्यः' को अर्थ 'फल्ने ठाउँ' हो । टोखा उखुखेती तथा चाकु उत्पादनको लागि प्रसिद्ध ठाउँ हो ।

टोखामा झण्डै पाँच दशकदेखि चाकु उत्पादन गर्दै आउनुभएका टोखा चाकु उद्योगका सञ्चालक राजकाजी श्रेष्ठ टोखाको चाकु नेपाल मात्र नभइ विश्वका विभिन्न मुलुकबाटसमेत माग आइरहेको बताउनुभयो । चाकुको माग अत्यधिक भए पनि बजारसम्म पुऱ्याउन भ्याइनभ्याइ भएको उहाँको भनाइ छ ।

टोखाका उद्योगमा हाल सादा चाकू मसला चाकु, स्पेशल चाकु, सेतो लड्डु, कालो लड्डु, बम्बे लड्डु, पुष्टकारी, भुजा लड्डु, बदाम लड्डुलगायत उत्पादन भइरहेका छन् ।

टोखा नगरपालिकाले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा यहाँ उत्पादन भएको चाकुलाई ब्राण्डिङ गर्ने समेत घोषणा गरिसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शङ्कराज पाठक बताउनुहुन्छ । "टोखामा उत्पादित चाकुलाई अन्तर्राष्ट्रियस्तरसम्म लैजानका लागि नगरपालिका प्रतिबद्ध छ', उहाँले भन्नुभयो ।

टोखा काठमाडौं क्षेत्र नं ५ मा पर्दछ । काठमाडौं क्षेत्र नं ५ का नवनिर्वाचित सांसद प्रदीप पौडेल टोखाको चाकुलाई अन्तर ष्ट्रियस्तरसम्म लैजानका लागि आफूले पहल गर्ने बताउनुभयो । "टोखा चाकुको लागि प्रख्यात क्षेत्र हो, यसलाई विश्वमाझ चिनाउनका लागि म लाग्नेछु', उहाँले भन्नुभयो ।

टोखामा उत्पादन भएको चाकु अहिले प्रतिकिलो रु एक सय ३० देखि एक सय ३५ सम्म बिक्री वितरण हुँदै आएको छ । नेवारी संस्कृतिमा माघ १ गते चाकु खानैपर्ने प्रचलन छ । साथै, नेवार समुदायमा काजरियाको बेलामा पनि चाकु खाने चलन छ ।

चाकु चिसो लागेका बेला पनि खाने चलन छ । चाकु खाँदा शरीरमा धेरै फाइदा हुनुका साथै रोगसँग लड्नसक्ने क्षमता विकास हुने र बालबालिकादेखि बूढाबूढीलाई जाडो महिनामा चाकु खुवाउँदा राम्रो हुने मान्यता छ ।रासस


## हंसपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बघचौडा, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :२०७९/०९/०१**

यस कार्यालयको तर्फबाट मिति २०७९/०८/१८ गते जनकपुर संचार दैनिक पत्रिकामा प्रकाशित टेण्डर नं. HM/NCB/Works/01-079-80 को सूचना अनुसार सम्बन्धि बोलपत्र तपसिल बमोजिमका कार्यको लागि दर्ता हुन आएको सिलबन्दी बोलपत्र (E–Bid) न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१)को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिलः–**

| ठेक्का.न. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर बाहेकको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| HM/NCB/Works/ 01-079-80 | निकाल बजार देखि तिस्याही मोरह हुदै सहिद पथ सम्म सडक मर्मत कार्य | Chandra prabha construction and suppliers pvt.ltd | रु.२९,४२,५००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रदेशसभामा भौतिक पूर्वाधारको अभाव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको प्रदेशसभामा दलको प्रतिनिधित्व बढेसँगै भौतिक संरचनाको अभाव हुने भएको छ। संसदीय दलको नेताको लागि संरचनामा अपुग हुने भएको छ।

यसयघि मधेश प्रदेशको प्रदेशसभामा पाँच दल मात्रै संसदीय दलको अधिकारिकता पाएका थिए। संघीय समाजवादी फोरम, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राजपा दलको रुपमा प्रदेशसभामा सहभागि थिए भने नेपाल संघीय समाजवादी पार्टीले पनि एक सीट ल्याएर संसदमा प्रतिनिधित्व गरेका थिए।

तर यसपटक दुई वटा पार्टी दलकै रुपमा थपिएको छ भने थप तीन दल समानुपातिक रुपमा एक/एक सीट ल्याएर प्रतिनिधित्व गरेका छन्। पहिले संसदमा सात दलको प्रतिनिधित्व थियो भने यसपटक दश दलले प्रतिनिधितव




गर्दै छन्। जनमत पार्टी र नेकपा एकीकृत समाजवादी पार्टी नयाँ दलको रुपमा संसदीय दलको रुपमा रहनेछन्। तत्कालिन राजपा अहिले लोसपा छन् भने फोरम जसपा बनेका छन्।

यस पटक राप्रपा र नागरिक उन्मुक्ति पार्टीले पनि एक/एक सीट ल्याएर प्रतिनिधित्व गरेका छन्। यी दुबै दल मधेश प्रदेशको संसदमा पहिलो पटक प्रवेश गरेकाछन्। संसदीय दलको कार्यालय व्यवस्थापनमा समस्या हुन सक्ने प्रदेशसभाका सचिव रञ्जित यादवले जानकारी दिए। मधेश प्रदेशमा दलको संख्या थपिएसँगै प्रदेशसभामा व्यवस्थापन गर्न समस्या हुने भएको छ। तत्कालिन शिक्षा कार्यालयको भवन र परिसरलाई प्रदेशसभाको रुपमा प्रयोग गरिएको छ।

नवनिर्वाचित प्रदेशसभा सदस्यको स्वागत, पहिलो बैठक संचालन लगायतको तयारीका विषयमा अहिलेसम्म अनौपचारिक छलफल मात्रै भएको प्रदेशसभा सचिवालयले जनाएको छ। मंसिर ४ गते सम्पन्न निर्वाचनबाट प्रदेशमा एमालेले प्रत्यक्षमा १५ र समानुपातिकमा ८ गरी २३ सिट पाएर सबैभन्दा ठूलो दल बनेको छ। कांग्रेसले प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरी २२, जनता समाजवादी पार्टीले प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरी १६ तथा जनमत पार्टीले प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिट पाएको छ। त्यस्तै, लोसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा २ सहित ९, माओवादी केन्द्रले प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरी ८ र एकीकृत समाजवादीले प्रत्यक्षमा ४ र समानुपातिकमा ३ गरी ७ सिट पाएको हो। यसपटक ६ जना स्वतन्त्र सांसद पनि छन्।

यसअघि २०७४ को निर्वाचनमा प्रदेशसभामा तत्कालीन संघीय समाजवादी फोरम २९ सीटसहित पहिलो दल बन्दा राष्ट्रिय जनता पार्टी २५ सीटसहित दोस्रो र नेकपा एमाले २३ सीटसहित तेस्रो दल बनेको थियो।

# अन्तत: खस-आर्यकै अग्रता

## दलहरुका भोँटरमात्र छन - दलित

ब्लग :



श्यामसुन्दर शशि

दुई दुईवटा संविधानसभाभित्रको अभ्यास,छलफल,राष्ट्रिय-अन्तरराष्ट्रिय नजिर पश्च्यात् नेपालको संविधान-२०७२ जारी भई रहदा ज्ञानपापी राष्ट्रवादीहरुको एक समूह हर्ष वधाईको हैंगओभरमा दावी गरेका थिए - यो विश्वकै उत्कृष्ट संविधान हो। मध्यमार्गी कलमजिवीहरुको प्रतिक्रृया थियो- संविधानमा रहेका कमि कमजोरी सच्याउँदै समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ। बहुजातीय, बहुभाषिक,बहुधार्मिक,बहुसाँस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात् गर्दै त्यस्ता विविधताकाबीच वर्गीय,जातीय,क्षेत्रीय,भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संकल्पसमेत गरेको छ। तर राज्य सत्ता र शासन,प्रशासनमा अझैपनि एउटै जातिको अग्राधिकार कायम गरेको छ।

नेपालमा खस आर्यको जनसंख्या ३१ दशमलव २० प्रतिशत छ तर प्रत्यक्ष र समानुपातिक गरी यस क्लस्टरबाट १सय ३१ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन्। मुलुकको कुल जनसंख्याको एक तिहाई भन्दा थोरै संख्या भएको खस आर्य समूहका प्रतिनिधिसभा सदस्यको संख्या झण्डै आधा जनसंख्या भएको मधेसीबाट ४० जना अर्थात् १५ प्रतिशत,६.६० प्रतिशत जनसंख्या रहेको थारुबाट ५ प्रतिशत अर्थात् १५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन्। यसैगरी १३.८ प्रतिशत जनसंख्या रहेको दलित समुदायबाट ६ प्रतिशत अर्थात् १६ जना,४.४ प्रतिशत जनसंख्या भएको मुस्लिम समुदायबाट २ प्रतिशत अर्थात् ६ जना प्रतिनिधिमात्र चयन भएका छन्। हो,संवैधानिक वाध्यताका कारण भने महिलाको ३३ प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी भएको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा ९१ जना महिलाको प्रतिनिधित्व रहने छ। तीमध्ये ९ जनामात्र प्रत्यक्षबाट निर्वाचित भएका हुन् भने ८२ जना समानुपातिकबाट निर्वाचित भएका छन्। महिलाको लागी निर्वाचन क्षेत्र निर्धारण नगरेसम्म महिला प्रतिनिधित्वको अवस्था यस्तै रहने लगभग पक्का छ।

**निर्वाचन परिणामतर्फ ध्यानाकर्षण गर्ने हो भन्ने प्रतिनिधिसभामा ३०.२० जनसंख्या भएको खस-आर्य क्लस्टरबाट ४८ प्रतिशत अर्थात् १३१ , २८.७ प्रतिशत जनसंख्या रहेको आदिवासी-जनजातिबाट २४ प्रतिशत अर्थात् ६७ ,१५.३० प्रतिशत जनसंख्या भएको मधेसीबाट ४० जना अर्थात् १५ प्रतिशत,६.६० प्रतिशत जनसंख्या रहेको थारुबाट ५ प्रतिशत अर्थात् १५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन्। यसैगरी १३.८ प्रतिशत जनसंख्या रहेको दलित समुदायबाट ६ प्रतिशत अर्थात् १६ जना,४.४ प्रतिशत जनसंख्या भएको मुस्लिम समुदायबाट २ प्रतिशत अर्थात् ६ जना प्रतिनिधिमात्र चयन भएका छन्। हो,संवैधानिक वाध्यताका कारण भने महिलाको ३३ प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी भएको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा ९१ जना महिलाको प्रतिनिधित्व रहने छ। तीमध्ये ९ जनामात्र प्रत्यक्षबाट निर्वाचित भएका हुन् भने ८२ जना समानुपातिकबाट निर्वाचित भएका छन्।**

क्रमशः पूर्णता दिदै लागनु पर्दछ। यता तराई सदहदभित्र कालो पोतिएको थियो। खूनी होली खेलिदै थियो। तलबाट उठने आवाज थियो - संविधान संशोधन होईन, पुर्नलेखन गर्नु पर्दछ। पछिल्लो आठ वर्षको अभ्यास पछि तिनै थरि विचार धुमिल भएको छ। उत्कृष्ट संविधान भन्नेहरु मौलाएका छन्। संशोधनवादीहरु धाराशायी बनेका छन् अनि पुर्नलेखनवादीहरु जनताद्वारा अस्वीकृत भएका छन्। हो,हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणामले कमोवेश यस्तै संदेश दिएको छ। नेपाली कांग्रेस,एमाले,माओवादी केन्द्रसंगै मधेसवादी दलहरु नराम्ररी पछाडिएका छन्। मतदाताले दुबैमध्ये कुनै गठबन्धनलाई सरकार बनाउँने मैन्डेड दिएका छन्। जोरजम गरेर सररकार बनाउँनु पर्ने अवस्था छ।

तर आज मैले भन्न खोजेको विषय भने फरक छ। संविधानमै खस आर्यको परिभाषा लेख्न भ्याउने खस आर्यहरु आफ्नो जातीय अग्राधिकार कायम गर्न आठ वर्ष पूर्व स्थापित गरेका भाष्य पुनः हकीकतमा परिणत भएको छ। संविधानले सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक छ। २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा १ सय ३१ जना खस आर्य समुदायकै हुनुले संविधान लेख्नेहरुको मनसुवालाई मूर्तरुप दिएको छ। भनि रहनु परेन, सरकार गठन, नीति, कार्यक्रम, बजेट पारित र महत्वपूर्ण कानुन निर्माणदेखि संविधान संशोधनसम्मको भूमिका खेल्ने राजनीतिक भूमिका प्रतिनिधिसभा सदस्यहरु नै हुन्छन्। कानुन निर्माण गर्ने सर्वोच्च निकायमा एकल जातीय वर्चस्वले सदियौदेखि पुछारमा रहेका जात जाति,वर्ग,समुदायका नागरिकहरुको हक अधिकार ओझेलमा त पर्दैन भन्ने आशंका व्याप्त भएको छ। कारण राजनीतिमा एउटा सिद्धान्त छ - जसको समस्या , उसकै नेतृत्व।

खस-आर्या,आदिवासी-जनजाति र मधेसी-थारु गरी नेपालमा मुख्यतः तीन जातीय क्लस्टर छन्। जसभित्र समाजिक मूलप्रवाहबाट वंचित महिला र दलित छन्। निर्वाचन परिणामतर्फ ध्यानाकर्षण गर्ने हो भन्ने प्रतिनिधिसभामा ३०.२० जनसंख्या भएको खस-आर्य क्लस्टरबाट ४८ प्रतिशत अर्थात् १३१ , २८.७ प्रतिशत जनसंख्या रहेको आदिवासी-जनजातिबाट २४ प्रतिशत अर्थात् ६७ ,१५.३० प्रतिशत

क्लस्टर विभाजनमा पनि भेदभाव देखिएको छ। मधेसी क्लस्टरभित्र रहनुपर्ने मधेसी,थारु र मस्लिमको जनसंख्या ३३ प्रतिशतभन्दा अधिक छ तर तिनबटै क्लस्टर जोडदापनि २५ प्रतिशतमात्र जनसंख्या देखिन्छ। दलित र आदिवासी जनजाति तीनै मुख्य क्लस्टरमा भएपनि उक्त क्लस्टरबाट नेपाली भाषी आदिवासी जनजाति र दलितहरुको प्रतिनिधित्व अधिक देखिएका छन्।

सिमान्तिकृत जात जाति र वर्गका मानिसहरुको प्रतिनिधित्व सुनिश्चित गर्न मुलुकमा मिश्रित निर्वाचन प्रणाली ल्याइएको थियो। प्रतिनिधिसभाका २७५ सिटमध्ये ६० प्रतिशत अर्थात् १६५ सदस्य प्रत्यक्ष निर्वाचनबाट र ४० प्रतिशत अर्थात् ११० सदस्य समानुपातिक निर्वाचनबाट चुनिने प्राब्धान छ। तर सिमान्तिकृत जात जाति र समुदायलाई प्राथमिकता दिनुपर्नेमा समानुपातिबाट चुनिनेहरुमा अधिकांश नेतृत्वमा रहेका नेताहरुको आफ्न्त,पैसावाल वा पैसावालहरुका सखा सम्बन्धिहरुको बोलबाला छ। अर्को शब्दमा भनौ भने समानुपातिक निर्वाचण प्रणाली आर्थिकरुपले सक्षम र पहुचभएकाहरुका सखा सम्बन्धीहरुको पेवा बनेको छ।

# शहिद परिवारलाई मासिक ५ हजार




**टुडे समाचारदाता**

राजविराज। मधेश आन्दोलनका क्रममा प्रहरीको गोली लागेर शहिद भएका परिवारले मासिक ५ हजार १ सय रुपैयाँ सहयोग स्वरुप पाउन थालेका छन्।

राजविराज नगरपालिकाले मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका नगर क्षेत्र भित्रका शहिद परिवारलाई सहज जीवन निर्वाहका लागि उक्त राशि सहयोग गर्न थालेको हो। शुक्रबारसम्ममा उक्त सहयोग राशि पाउने शहिद परिवारको संख्या ३ पुगेको छ।

नगरसभाको पहिलो बैठकबाटै निर्णय भए बमोजिम गत साउन महिनादेखिकै मासिक भत्ता जोडेर सहयोग राशि प्रदान गर्न थालिएको राजविराज नगरपालकाकी कार्यवाहक नगर प्रमुख इसरत प्रविणले जानकारी दिइन्। मधेश आन्दोलनका क्रममा प्रहरीको गोली लागेर नगर क्षेत्रभित्रका आधा दर्जनबढी व्यक्तिले ज्यान गुमाएका थिए।

शहिदको बलिदानका कारण लोकतन्त्र, गणतन्त्र स्थापना हुँदै मुलुकले संघीयता र नयाँ संविधान पाएसँगै संघीय, प्रदेश र स्थानीय सरकार मार्फत मुलुक समृद्धिको यात्रामा अघि बढेकाले शहिद परिवारको सम्मान र राहतका लागि उक्त योजना ल्याइएको कार्यवाहक नगरप्रमुख प्रविणको भनाई छ।

प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनूले शहिद परिवारको जीवनस्तरमा सुधार ल्याउन नगरपालिकाले थोरै भएपनि सहयोग र सम्मानको प्रयास गरेको बताए। नगरपालिकाका लेखा अधिकृत सत्रुघन दासले मासिक ५ हजार १ सयका दरले शहिद परिवारलाई जिवन निर्वाह भत्ता प्रदान गर्ने निर्णय अनुसार सहयोग राशि वितरण कार्य सुरु गरिएको जानकारी दिँदै उक्त सुविधा प्राप्त गर्न शहिद परिवारले शहिद प्रमाण पत्र, नागरिकताको प्रतिलिपी, नाता प्रमाणित र सम्बन्धित वडा कार्यालयको सिफारिस लगायतका कागजात पेश गर्नुपर्ने प्रावधान राखिएको बताए।

विभिन्न चरणमा भएको मधेश आन्दोलन र त्यसपछि २०७३ साल फागुन २३ गते मलेठमा भएको तनावका क्रममा प्रहरीको गोली लागेका समेत गरी जिल्लाभरका ११ जना शहिद भएका थिए। नगरपालिकाको सो योजनाले शहिद परिवारलाई थोरै भएपनि राहत पुर्‍याएको नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्सालीको भनाई छ।

# धनुषाका साह नेपाल टप

**टुडे समाचारदाता**

जनकपुरधाम। संजय शाह (टकला)को छोरा चैतन्यराज शाहले रजत पदक हासिल गरेका छन्। 'वर्ल्ड इकोनमिक्स कप-२०२२' प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै उनले रजत पदक हासिल गरेका छन्। उच्च शिक्षा अध्ययनरत अर्थशास्त्रका विद्यार्थीहरूमाझ उक्त प्रतियोगिता गराइएको थियो।

सोही प्रतियोगितामा व्यक्तिगतर्फत चैतन्यराज शाह, रोयल कटुवाल र प्रज्वलविक्रम थापाले रजत पदक हासिल गरेका छन्। डिप कम्प्रिहेन्सन विधामा चैतन्य २५ औं स्थानमा छन्। उनले १८८ अंक ल्याएका थिए। नेपालमा भएको आन्तिरक छनौटमा उनी प्रथम भएका थिए। सोही प्रतियोगितामा सागर भट्टराई, आर्जमणी कँडेल, अनुष्का सुवेदी, जिया पोखरेल र सुप्रद तखछे श्रेष्ठले काश्य पदक जितेका छन्।

फन्डामेन्टल टप ३० विधाअन्तर्गत सागरले ९४ अंक प्राप्त गरी नवौं स्थान प्राप्त गरेका छन् भने अनुष्का र प्रज्जवल १८ औं स्थानमा आएका छन्। सुप्रद र जियाले ८९ अंक ल्याई २५ औं स्थान हासिल गरेको वर्ल्ड इकोनमिक्स कपले जनाएको छ।



उच्च शिक्षा अध्ययनरत अर्थशास्त्रका विद्यार्थीहरूमाझ गराइएको 'वर्ल्ड इकोनमिक्स कप-२०२२' प्रतियोगितामा नेपालले यसपटक कुल ८ वटा पदक जितेको छ। व्यक्तिगततर्फ ३ रजत र ५ काश्य पदक प्राप्त गरेकोमा सामूहिकतर्फ नेपालले ७ औं स्थान हासिल गरेको छ। अघिल्लो प्रतियोगिताभन्दा यसपाली नेपालले सुधार गरेको छ। अघिल्लो प्रतियोगितामा नेपालले व्यक्तीगतमा ५ पदक जितेको थियो भने समूहगतमा नवौं स्थान प्राप्त गरेका छन्।

कात्तिक २७ ( नोभेम्बर १३) मा सम्पन्न भएको प्रतियोगितामा ४२ देशका ५३ वटा समूह र २८६ जना प्रतिस्पर्धी सामेल थिए। तीन भागमा विभाजित प्रतियोगिता अनलाइन माध्यमबाट आयोजना गरिएको नेपाल इकोनमिक्स ओलम्पियाडका अध्यक्ष अर्जुन सापकोटाले बताए। अर्थशास्त्रबारे फन्डामेन्टल (आधारभूत) र डिप कम्प्रिहेन्सन (गहन बुझाइ तथा विश्लेषण) विधामा व्यक्तिगत रूपमा प्रतिस्पर्धा गराइएको थियो। थिंकिङ एन्ड इन्नोभनेस (सोचाइ र नवप्रवर्तन) शीर्षकमा समूहगत प्रतिस्पर्धा भएको थियो।

वर्ल्ड इकोनोमिक्स कपमा विद्यार्थीहरूलाई सहभागी गराउन नेपाल इकोनोमिक्स ओलम्पियाडले भूमिका खेलेको थियो। यो इन्टरनेसनल इकोनोमिक ओलम्पियाडको नेपाल प्रतिनिधि हो।

इ न्ट र ने स न ल इकोनोमिक ओलम्पियाड उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूका लागि अर्थशास्त्रसँग सम्बन्धित विषयमा प्रतिस्पर्धा गराउने अभियान हो। सन् २००७ का नोबेल पुरस्कार विजेता एरिक मस्किनले शुरु गरेको यो अभियानले हरेक वर्ष विश्वभरबाट विद्यार्थी सहभागी गराएर प्रतिस्पर्धा गराउने गरेको छ।

फरार अभियुक्तले दर्ता गराए मुद्दा

# नेहा र निहारिका रिहा

**टुडे समाचारदाता**

जनकपुरधाम। फरार सूचीका अभियुक्त महोत्तरी रामगोपालपुर ५ का डा. पंकज चौधरीको बुबा राम प्रवेश चौधरीले उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गराएका छन्। घरेलु हिंसा मुद्दाको फरार सूचीमा रहेका उनले विहीबार दिउँसो स्वयम अदालतमा हाजिर भई छोरा पंकजलाई थुना मुक्त गराउन बन्दी प्रत्यक्षीकरण मुद्दा दर्ता गराएका छन्।

तर अभियुक्त रहेका व्यक्तिले मुद्दा दर्ता गराउनुभन्दा पूर्व पक्राउ गर्नुपर्ने कानूनी व्यवस्था रहेको अधिवक्ता रिंकु कुमारी यादवले जानकारी दिइन्।

'अभियुक्तको हकमा पहिला थुन्नु, त्यसपछि सुन्नु पर्ने हुन्छ,'उनले भनिन्,'तर उनले गुपचुप तरिकाले मुद्दा दर्ता गराएका छन्। अदालतले तीन दिने म्याद पनि जारी गरेका छन्।' पंकज अहिले श्रमिती नेहा चौधरीमाथि घरेलु हिंसा गरेको आरोपमा महोत्तरी प्रहरीको नियन्त्रणमा छन्। सोही मुद्दामा नेहाले ससुरा रामप्रवेशसँगै ६ जनालाई विपक्षी बनाएकी छन्। प्रहरीले अन्य अभियुक्तलाई फरार सूचीमा राखेका छन्। तर एक जना मात्रै पक्राउ छन्। महोत्तरी प्रहरीको फरार सुचीमा रामप्रवेशसँग उनको श्रीमती र छोरीहरु छन्।

नेहाले फरार रहेका अन्य अभियुक्तलाई पनि पक्राउको माग गर्दै विहीबार रामगोपालपुर नगरपालिकामा प्रर्दशन गरेकी थिइन्। पालिकामा तोडफोड गरेको आरोपमा प्रहरीले नेहा चौधरी र कुमारी आमा निहारिका सिंहलाई पनि नियन्त्रणमा लिएका थिए। शुक्रबार उनीहरुलाई सर्त गराएर छोडिएको हो।

उच्च अदालत जनकपुरकी सूचना अधिकारी नुतन झाले रामप्रवेश अदालतमै हाजिर भएर मुद्दा दर्ता गराएको पुष्टी गरिन्। तर उनले जिल्ला प्रहरी कार्यालय महोत्तरीको कमजोरीले मुद्दा दर्ता भएको आरोप लगाइन्।

प्रहरी कार्यालयले फरार सूचीमा रहेका व्यक्तिको विषयमा अदालतलाई बोधार्थ गरी जानकारी गराउनु पर्ने उनको भनाइ छ। अदालतलाई जानकारी नहुँदा मुद्दा दर्ता भएको उनले बताइन्। आइतबार पंकजलाई अदालतमा हाजिर गराउने छन्। त्यसपछि दुबैतर्फको वकिलले बहस गरेपछि न्यायधिशले आदेश गर्ने छन्।

# अभिभावक भेला सम्पन्न

**टुडे समाचारदाता**

बारा। लामो विवाद पछि श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक बिद्यालय बकुलियाको अभिभावक भेला सफल भएको छ। बिवादको कारण बारम्बार स्थगित हुँदै आएको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.५ स्थित बिद्यालयको अभिभावक भेलाले शुक्रबार बिद्यालय ब्यवस्थापन समितीकोलागि ४ जनाको नाम सर्बसम्मत सिफारिस गरिएको छ।

अभिभावक भेलाले शोभा चौधरी ,कृष्णा कुमारी चौधरी ,कृष्ण प्रसाद चौधरी र बृजमोहन चौधरीको नाम सर्बसम्मत रुपले सिफारिस गरेको छ। जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.५ का वडा अध्यक्ष दिपेन्द्र चौधरीको बिशेष सक्रियतामा अभिभावक भेला भएर सफलता




पूर्बक सम्पन्न भएको जनाइएको छ।

बिद्यालयको ब्यवस्थापन समितिको गठन उच्च अदालत जनकपुर अस्थाई ईजलास वीरगञ्जको २०६९ साल जेठ ३० गतेको निर्णय अनुसार र २०७९ साल असार १५ गतेको फैसला अनुसार ऐनको दफा १२ को १ को क बमोजिम बृहत अभिभावक भेलाबाट सर्ब'म्मत सदस्य चयन गरिएको बिद्यालयका प्रधानध्यापक किशोरी यादबले जानकारी दिए।

बिद्यालयको ब्यवस्थापन समिति ११ सदस्सीय हुनेछ। जसका बाँकी सदस्यहरुमा दुई जना उद्योग बाणिज्य संघको तर्फबाट ,एक जना वडाकोतर्फबाट ,एक जना शिक्षकहरुको तर्फबाट ,एक जना बिद्यालयका प्रधानध्यापक सदस्य सचिव र २ जना समाजसेवी ,बुद्धिजीबि र शिक्षा प्रेमीको तर्फबाट मनोनित हुने बिद्यालयले जनाएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८